
जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक २८५ • २०८२ साल चैत १ गते आइतबार (15 March, Sunday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## चुनावी प्रचारमा लाग्ने शिक्षक र कर्मचारीलाई कारबाही गर्ने तयारी

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र पारदर्शी बनाउन आचारसंहिता कडाइका साथ पालना गर्न निर्वाचन आयोगले आग्रह गरेको छ।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले एक विज्ञप्ति जारी गर्दै शैक्षिक संस्थासंग सम्बद्ध प्राध्यापक, शिक्षक तथा कर्मचारीलाई कुनै पनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा चुनावी प्रचारप्रसारमा संलग्न नहुन निर्देशन दिएको छ।

आचारसंहिताको पूर्ण पालना गर्नु सरोकारवाला पक्षहरूको दायित्व रहेको र सबै राजनीतिक दल, उम्मेदवार तथा सम्बन्धित पक्षहरूले निर्वाचन आचारसंहिताको पूर्ण पालना भए नभएको विषयमा आयोगले अनुगमन गरिरहेको भन्दै केही प्राध्यापक, शिक्षक तथा कर्मचारी राजनीतिक दल तथा उम्मेदवारको पक्षमा प्रचारप्रसारमा संलग्न भएको भनी आयोगमा उजुरी तथा गुनासो समेत प्राप्त भएको उल्लेख गरिएको छ।

जारी गरिएको उक्त विज्ञप्ति भनिएको छ, 'शिक्षा ऐन, २०२८ को दफा १६७. को उपदफा (५) को खण्ड (छ) मा शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइने व्यवस्था रहेको छ। निर्वाचन आचारसंहिता, २०८२ को दफा १० को खण्ड (क) मा विद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सोमा सम्बद्ध कर्मचारी, प्राध्यापक तथा शिक्षकले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने र ऐ. दफाको खण्ड (ग) बमोजिम कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सवारीसाधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन, कार्यक्रम वा सभा वा सम्मेलन गर्न वा प्रचारप्रसार गर्न नहुने स्पष्ट व्यवस्था रहेको छ।'

आचारसंहिताको व्यवस्था प्रतिकूल हुने गरी निर्वाचन प्रचारप्रसार गतिविधिमा सामेल भएको पाइएमा आचारसंहिताको दफा ४८ बमोजिम कारबाही गर्ने चेतावनी आयोगले दिएको छ।

### बालेनको कथनले सार्थकता पाउनेमा मुख्यमन्त्री आशावादी

## बिना प्रहरी र कर्मचारीको प्रदेश सरकार चलाउनु परेको असन्तुष्टि

**टुडे समाचारदाता**

जनकपुरधाम । बालेनको कथनले सार्थकता पाउनेमा आशावादी देखिएका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले संविधानले दिएको अधिकार अनुसार प्रदेश सरकारले आफ्नो प्रहरी र कर्मचारी पाउनेमा विश्वास व्यक्त गरेका छन्।

जनकपुरधाममा शनिबार आयोजित एक कार्यक्रममा मुख्यमन्त्री यादवले विश्वमै कतै नभएको बिना प्रहरीको प्रदेश सरकार चलाउनु परेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्।



उनले मधेश प्रदेश सरकार बिना प्रहरी प्रशासन चलिरहेको भन्दै असन्तुष्टि व्यक्त गर्दै विश्वमा कतै पनि बिना प्रहरी प्रशासनको सरकार नहुने बताए। उनले नेपालमा मात्रै प्रदेश सरकारहरूले विना प्रहरी प्रशासनले राज्य संचालन गर्नुपर्ने नियति भोगिरहेको बताए।

उनले प्रधानमन्त्री बन्न लागेका राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र साहले जनकपुरधाममा घोषणा गर्नु भएबमोजिम संविधानले प्रदान गरेको संवैधानिक अधिकारहरू प्रदेश सरकारलाई पूर्ण रुपमा हस्तान्तरण हुने आशा व्यक्त गरे।

प्रतिनिधिसभा सदस्य निर्वाचन अघि जनकपुरधामस्थित तिरहुतिया गाछीमा आयोजित एक कार्यक्रममा रास्वपाका वरिष्ठ नेता बालेन्द्र साह बालेनले 'अब अधिकारका लागि नभइ पशुपति दर्शन गर्न मात्र आउनु' भनी दिएको अभिव्यक्तिको मुख्यमन्त्री यादवले स्मरण गराउँदै प्रदेशले नमागेर अधिकार दिन खोजेकोमा साहलाई धन्यवादसमेत दिएका छन्।

तिरहुतिया गाछीमा आयोजित सभामा पार्टीका वरिष्ठ नेता साहले प्रदेश सरकार र पालिका सरकारलाई कर्मचारी फेर्नका लागि पनि काठमाण्डु आउनुपर्ने दुःखेसोको अन्त्य गरी जो कोही पनि काठमाण्डु आउँदा पशुपति दर्शन गर्न आउनका लागि अभिव्यक्ति दिएका थिए।

बालेनले भनेका थिए, 'दिनहुँ माइतीघरमा आन्दोलन हुन्छ। तर, मेयर भएर केही गर्न सकिनँ। अब गर्न चाहन्छु।'

अधिकार माग्नका लागि कोही पनि काठमाण्डु जानु नपरोस् भन्ने आफूले चाहेको मुख्यमन्त्री यादवले स्मरण गरे।

मुख्यमन्त्री यादवले संविधानले परिकल्पना गरेको अधिकार आठ वर्षभन्दा बढी समय बितिसक्दा पनि प्रदेश सरकारले नपाएको गुनासो गरे।

मधेश प्रदेशमा प्रहरीको भौतिक संरचना अत्यन्तै दयनीय रहेको उनको भनाइ छ। माओवादी द्वन्द्वकालमा क्षति भएका भग्नावशेष भवनहरूमा समेत प्रहरीहरू अहिले बस्न बाध्य रहेको बताउँदै मुख्यमन्त्री यादवले ती भग्नावशेष भवनहरुको मर्मत तथा सम्भार गरी सुधार गर्नुपर्ने आवश्यकता बताए।

जेन- जी आन्दोलनका क्रममा अधिकांश ठाउँमा प्रहरीको सवारी साधनहरू जलाइएको र नष्ट गरिएको भन्दै मुख्यमन्त्री यादवले यसको पूर्ति गर्नुपर्ने दायित्व पनि थपिएको बताए।

प्रदेश प्रहरीलाई सुसम्पन्न बनाउन प्रदेश सरकारको मात्र नभइ संघीय सरकारको पनि उत्तिकै जिम्मेवारी रहेको मुख्यमन्त्री यादवले बताए। सीमित साधनस्रोतका बाबजुद प्रदेश सरकारले प्रत्येक वर्ष प्रहरीलाई सहयोग गरिरहेको उनले बताए।

उनले मधेश प्रदेश प्रहरीलाई सुविधा सम्पन्न प्रहरी संगठन बनाउनका लागि प्रदेश सरकारले सबै प्रकारको सहयोग गर्नका लागि प्रतिबद्ध रहेको बताउँदै प्रहरीका लागि विनियोजन भएको रकमको काम समयमा नै सम्पन्न गर्नका लागि आग्रह गरे।

त्यस्तै गृह, सञ्चार तथा कानूनमन्त्री फकिरा महतोले मन्त्रालयमा रहेको बजेट मध्ये ८० देखि ९० प्रतिशत बजेट सुरक्षा निकायमा नै लगानी गर्ने गरि मन्त्रालयले बजेट विनियोजन गरेको बताए।

उनले मन्त्रालयमा चालु आर्थिक वर्षका लागि ७२ करोड बजेट रहेको बताउँदै प्रहरीलाई आधुनिक तथा सुविधा सम्पन्न बनाउनका लागि धेरै बजेटहरू विनियोजन गर्ने काम भएको बताए।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक गोविन्द थपलियाले प्रहरी लागि बन्ने नयाँ सुविधा सम्पन्न ब्यारेक सहितको संरचनाले प्रहरीको मनोबल बढाउने विश्वास व्यक्त गरे।

## रास्वपालाई मन्त्रालय घटाउनै सकस, मन्त्री बन्न दौडधुप

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्टिय स्वतन्त्र पार्टी(रास्वपा) ले प्रतिनिधिसभा सदस्य निर्वाचन अघि जम्बो मन्त्रिमण्डलको संख्या घटाउने भन्दै बाचा गरे अनुसार चार वटा मन्त्रालय कटौती गर्न सकस भएको छ। मन्त्रालय घटाउने र मन्त्री कसलाई बनाउने भन्ने विषयमा दुई शीर्षनेताबीच भइरहेको छलफलको क्रममा नवनिर्वाचित सांसदहरु मन्त्री बन्नकै लागि तीव्ररुपमा दौडधुप बढाएको छ।

निर्वाचन सम्पन्न भएसंगै नयाँ सरकार गठनको गृहकार्यमा जुटेको रास्वपासहितका राजनीतिक दलहरूलाई समानुपातिक प्रणाली अन्तर्गत निर्वाचित उम्मेदवारको सूची बुझाउन भनेको छ।





अर्कोतर्फ निर्वाचनमा दुईतिहाइ नजिकको बहुमत पाएका रास्वपाले यसअघिको सहमति अनुसार वरिष्ठ नेता बालेन्द्र साह (बालेन) लाई संसदीय दलको नेता बनाउन संसदीय दलको नेता चयनसम्बन्धी विद्यमान व्यवस्था संशोधन गर्ने तयारी पनि थालेको छ।

सोही अनुसार अब बन्ने संघीय सरकारमा को कुन मन्त्री बन्लान् भन्ने चासो र चर्चा समेत शुरु भएको छ। कुन आकारको मन्त्रिपरिषद् बनाउने, कतिवटा मन्त्रालय राख्ने र कस्ता व्यक्तिलाई मन्त्री बनाउने भन्ने विकल्पबारे पार्टीदेखि स्थानीय बजारसम्म चर्चा चुलिएको छ।

अहिले आन्तरिक रूपमा मन्त्रालय सञ्चालन गर्नसक्ने सम्भावित सांसदको सर्ट लिस्टिङ गर्ने काम भइरहेको भन्दै प्रधानमन्त्री नियुक्तिकै समयमा सबैजसो मन्त्रालयलाई समेत पूर्णता दिनेगरी छलफल अघि बढिरहेको रास्वपाका एक नेताले जानकारी दिए।

बालेन नेतृत्वको सरकार गठनको गृहकार्य भइरहँदा नयाँ सरकारले कतिवटा मन्त्रालय कायम गर्लान् भन्ने समेत चासोको विषय बनेको छ। संविधानले बढीमा २५ सदस्यीय मन्त्रिमण्डल बनाउन नपाउने बाध्यकारी व्यवस्था गरेको छ। अहिले २२ वटा मन्त्रालय कायम रहेको छ। अघिल्लो सरकार हुँदा बाँकी ३ जना राज्यमन्त्री नियुक्ति गर्ने अभ्यास थियो। अन्तरिम सरकारले भने दुई वा बढी मन्त्रालयलको जिम्मा समेत एउटै मन्त्रीलाई दिएर मन्त्रिमण्डलको संख्या १५ भन्दा बढ्न दिएको थिएन।

तर यसपटक रास्वपाले १८ वटाभन्दा धेरै मन्त्रालय नराख्नेगरी आफ्नो बाचापत्रमा एजेण्डा बनाएको छ। यस व्यवस्थालाई कार्यान्वयन गर्ने हो भने अब बन्ने सरकारले अहिले रहेको २२ वटा मन्त्रालयमा ४ वटा मन्त्रालयको कार्यक्षेत्र अन्य मन्त्रालयमा गाभ्नु पर्ने देखिन्छ। तर अहिलेसम्म रास्वपाभित्र कुन मन्त्रालय कहाँ गाभ्ने र कसरी व्यवस्थापन गर्ने भन्ने सम्बन्धमा भने कुनै पनि औपचारिक छलफल हुन नसकेको ती नेताले दाबी गरे। बाचापत्र (घोषणापत्र) लेखन गर्दा समितिले विभिन्न विकल्पबारे छलफल भएको हुनसक्ने भए पनि अहिलेसम्म पार्टीमा औपचारिक रुपमा यसबारे छलफल नभएको रास्वपाका नेता गणेश पराजुली बताए।

बालेन सचिवालयका एक सदस्य भने १८ वटा मन्त्रालय तत्काल कार्यान्वयन गर्न सहज नभएको उनले बताए।

अहिलेसम्म २२ वटा मन्त्रालय संख्याको हिसाबले धेरै देखिए पनि कार्यक्षेत्रका आधारमा भने अहिले नै भारी जस्तो देखिन थालिएको छ। कति मन्त्रालय राख्ने विषयभन्दा पनि रास्वपाका सभापति रवि लामिछाने र भावी प्रधानमन्त्रीसमेत रहेका पार्टीका वरिष्ठ नेता बालेनबीचमा कसलाई कुन मन्त्रालयको जिम्मेवारी दिने भन्दै गोप्यरुपमा भलाकुसारीसमेत भएको जनाइएको छ।

यसले गर्दा मन्त्रालयको संख्याभन्दा पनि पार्टी भित्र बाट मन्त्री बन्नका लागि आउन थालेको दबाब थेग्न पनि शीर्षनेताहरुलाई हम्मेहम्मे परेको एक नेताले दाबी गरे।

प्रष्ट कार्यक्षेत्र भएका प्रधानमन्त्री कार्यालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलगायत अन्य मन्त्रालयका कार्यक्षेत्र आफैँमा पनि अन्योलता देखिएको छ। केही मन्त्रालयबीच कार्यक्षेत्रको दोहोरोपनको समस्या छ भने केहीका अत्यन्तै भेग प्रकृतिको कार्यक्षेत्र रहेको उनीहरुबीच भएको छलफलको निचोड रहेको उनको भनाइ छ।

पार्टी सभापति लामिछाने र वरिष्ठ नेता साहसहितको टीम मन्त्री बनाउने र मन्त्रालय थपघटको विषयमा केन्द्रित भइरहँदा बाहिर भने निर्वाचित सांसदहरु मन्त्री बन्नका लागि सामाजिक सञ्जालदेखि आन्तरिक पहुँच अनुसारसम्म लविंग थालेका छन्।

पार्टी प्रवक्तासमेत रहेका नवनिर्वाचित प्रतिनिधिसभा सदस्य मनिष झा पनि मन्त्री बन्ने लाइनमा छन्। तर उनी भने व्यक्तिगत रुपमा गुपचुप रहे पनि उनका कार्यकर्ता तथा समर्थकहरु भने सामाजिक सञ्जाल अन्तर्गतको फेसबुकमा सक्रियताका साथ सञ्चार मन्त्रालय वा शिक्षा मन्त्रालयमा दाबी गर्न थालेका छन्।

केही दिन अघि पार्टी प्रवक्ता झाले आफू मन्त्री बन्ने लाइनमा नलाग्ने तर अवसर दिएमा आफू जुनसुकै मन्त्रालयको जिम्मेवारी सम्हाल्न सक्षम रहेको बताएका थिए।

तर निर्वाचन हुनु अघि झाले आफूलाई सञ्चार तथा प्रविधि मन्त्रालयको जिम्मेवारी सम्हाल्न तयार रहनका लागि पार्टीभित्रैबाट निर्देशन आएको सार्वजनिक रुपमै अभिव्यक्ति नै दिएका थिए।

यता रास्वपा सचिवालयको बैठक आइतबार बस्ने भएको छ। शनिबार बस्ने भनिएको बैठक आइतबारका लागि तय भएको जनाइएको छ।

बैठक आइतबार बिहान १० बजे पार्टी कार्यालय वनस्थलीमा बस्ने रास्वपा निकट स्रोतले जनाएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को समानुपातिक उम्मेदवार सिफारिस लगायत विषयलाई बैठकको कार्यसूचीमा राखिएको छ।

यसका साथै वरिष्ठ नेता साहलाई संसदीय दलको नेता बनाउन आवश्यक कदमबारे पनि बैठकमा छलफल हुने बताइएको छ।



# सामुदायिक विद्यालय, अस्पताल क्यान्टिनको खाद्य स्वच्छतामा कडाइ



काठमाण्डु । काठमाडौं महानगरपालिकालेसामुदायिकविद्यालय र अस्पताल क्यान्टिनको खाद्य स्वच्छतामा कडाइ गर्न थालेको छ । कामपाले उपभोक्ताई खाद्य स्वच्छता कायम गराउन खाद्य व्यवसायीलाई क्षमता विकासका कार्यक्रम र अनुगमनलाई एकसाथ अगाडि बढाउन थालिसकेको कामपाको खाद्य प्राविधिकभारतीअधिकारीकारीले जानकारी दिनुभयो ।

अधिकारीका अनुसार क्रममा महानगरपालिका र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको संयुक्त टोलीले सामुदायिक विद्यालयका क्यान्टिन र अस्पतालका क्यान्टिनहरूमा अनुगमन नियमितजस्तै गरिरहेको छ ।

अहिलेसम्ममा पशुपति मित्र माध्यमिक विद्यालय चाबहिलको (जानकी किचेन) क्यान्टिन तथा विद्यार्थीहरूको दिवा खाजा तयार गर्ने भान्छा, श्रम राष्ट्रिय माध्यमिक विद्यालय कुमारीगाल, शिवपुरी माध्यमिक विद्यालय महाराजगञ्जको (नमो फुड कोड) क्यान्टिन, रत्नराज्य स्कुल बानेश्वरको क्यान्टिन, केएमसी हस्पिटल सिनामङ्गल (ग्रीन बड्स बेकरी क्याफे) क्यान्टिन, भरोसा अस्पताल वानेश्वरको (सुदूरपश्चिम भोजनालय एण्ड खाजा घर) लगायतका क्यान्टिनको अनुगमन गरीसकेको कामपाको भनाइ छ ।

कामपाले बालबालिकाको स्वास्थ्य, पोषण र दिवा खाजा कार्यक्रमको गुणस्तर सुधार गर्न सामुदायिक विद्यालयका २३ मिल नर्ससहित ४५ जनालाई खाद्य स्वच्छता तथा पोषणसम्बन्धी तालिम दिइसकेको छ । कामपाको खाद्य प्राविधिक अधिकारीका अनुसार खाद्य स्वच्छता अभ्यास, खाद्यजन्य रोगको जोखिम, सुरक्षित खाना ह्यान्डलिङ, पोषणयुक्त दिवा खाजाको व्यवस्थापन तथा रोग रोकथाममा स्कुल नर्सको भूमिका तालिमका विषय थिए ।

नेपाल सरकारले आव २०७७/०७८ बाट प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्म तथा आव २०७९/८० देखि कक्षा ६ सम्म दिवा खाजा कार्यक्रम गरेको छ । कामपाले कक्षा १० सम्मका विद्यार्थीहरूलाई दिवा खाजा उपलब्ध गराउँछ ।

अनुगमनका क्रममा कमजोरी सुधारका लागि सुझाव दिने र अखाद्य वस्तुको अनियन्त्रित प्रयोग भएको भेटिएमा सम्बन्धित व्यक्तिको रोहवरमा नष्ट गरीएको छ । विद्यालय क्यान्टिनमा सरसफाइमा लापर्वाही रहेको पाइएको छ । कपडा र खाद्यवस्तुसँगै राख्ने गरिएको पाइन्छ । खाद्यवस्तु नछोपी राख्ने, फोहर फाल्ने भाँडो (डस्टबिन) को समुचित प्रयोग नगर्ने, किचेनको संरचनागत सुधार नगरिएकोजस्ता कैफियत भेटिएको कामपाको भनाइ छ ।

क्यान्टिनमा प्रयोग गरिएको फ्राइड तेलको टिपिएम भ्यालु मापदण्डविपरीत समेत पाइएको बताइएको छ । खाद्यवस्तु ढाकेर नराख्ने, किचेनको भुइँ व्यवस्थापन र सरसफाइमा ध्यान नदिने, एकै ठाउँमा खाना तयार गर्ने र भाडा माझ्ने, आगो सुरक्षाका उपकरणमा ध्यान नदिने साझा समस्या हुन् ।रासस

# बजारमा ग्यास अभाव, आयात भने नियमित

काठमाण्डु । भैरहवा क्षेत्रका बजारमा एलपी ग्यासको अभाव देखिएको भन्दै उपभोक्ताले चिन्ता व्यक्त गरेका छन् । ग्यास आयातमा कमी नभएको जनाइए पनि बजारमा भने उपभोक्ताले सहज रूपमा ग्यास पाउन नसकेको बताएका छन् ।

स्थानीय उपभोक्ताहरूका अनुसार एउटा ग्यास सिलिण्डरका लागि दिनभरि पसल-पसल धाउनुपर्ने अवस्था सिर्जना भएको छ । ग्यास विक्रेताले समेत मौज्दात सकिएको भन्दै उपभोक्तालाई फर्काइदिने गरेको उनीहरूको भनाइ छ । ग्यास विक्रेताको ग्यास सिलिण्डरको लामो लाइन लागेको छ ।

लामो समयसम्म पालो कुर्दा पनि खाना पकाउने एलपी ग्यास पाउन नसकेको स्थानीय प्रदीप ज्ञवालीले बताउनुभयो । नियमित भान्छा चलाउन पनि ग्यास नपाउने अवस्था आउँदा दैनिक जीवन कष्टकर हुँदै गएको उहाँको भनाइ छ ।

ग्यास विक्रेताले पनि कम्पनीबाट पर्याप्त ग्यास उपलब्ध नगराउँदाअभावदेखिएकोबताएका छन् । मागअनुसारको आपूर्ति नहुँदा उपभोक्तालाई उपलब्ध गराउन नसकिएको उनीहरूको भनाइ छ ।

यद्यपि भैरहवा भन्सार कार्यालयका अनुसार भने ग्यास आयात नियमित रूपमा भइरहेको छ । भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलका अनुसार केही दिन निर्वाचनका कारण आयातमा



सामान्य समस्या देखिए पनि अहिले अवस्था सामान्य भइसकेको छ । दैनिक रूपमा ग्यास बोकेका बुलेट ट्याङ्कर नाकाबाट नेपाल भित्रिने क्रम जारी रहेको जनाइएको छ ।

स्थानीय ग्यास विक्रेताका अनुसार पछिल्लो समय उपभोक्ताले सम्भावित अभावको आशङ्कामा आवश्यकभन्दा बढी ग्यास मौज्दात राख्न थालेपछि बजारमा अभाव देखिएको हो । पहिले दैनिक सीमित सङ्ख्यामा बिक्री हुने ग्यास सिलिण्डर अहिले केही घण्टामै सकिने गरेको बताइएको छ ।

सीमावर्तीक्षेत्रमाभनेनेपालबाट भारततर्फ ग्यास सिलिण्डर लैजाने प्रयाससमेत बढेको पाइएको छ । भारतीय बजारमा ग्यासको मूल्य बढी हुनुका साथै अभाव देखिएकाले सीमावर्ती क्षेत्रका नेपालबाट ग्यासका सिलिण्डर भारततर्फ तस्करी भइरहेको सीमा क्षेत्रका बासिन्दाले बताउने गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले सीमाबाट ग्यासको अवैध ओसार पसार हुन सक्ने सम्भावनालाई ध्यानमा राखेर निगरानी कडा पारिएको जानकारी दिनुभयो । उहाँका अनुसार सीमावर्ती क्षेत्रमा जाँचलाई कडाइ गरिएको छ ।

यसैबीच, सीमावर्ती इलाका प्रहरी कार्यालय बेलहियाले भारततर्फ लैजाँदै गरेको र भारतबाट नेपालतर्फ ल्याइँदै गरेको गरी केही ग्यास सिलिण्डर नियन्त्रणमा लिएको जनाएको छ । प्रहरीले सीमामा निगरानी बढाइएको र अवैध ओसारपसार रोक्न आवश्यक कदम चालिएको बताएको छ ।

**ग्यास वितरण पारदर्शी बनाउन चितवन प्रशासनद्वारा नयाँ व्यवस्था**

जिल्ला प्रशासन कार्यालय चितवनले एलपी ग्यासको बिक्री-वितरणलाई थप व्यवस्थित र पारदर्शी बनाउन नयाँ व्यवस्था लागू गरेको छ । बजारमा ग्यासको आपूर्ति तथा वितरणमा देखिएका समस्यालाई समाधान गर्न शुक्रबार सरोकारवालासँगको छलफलपछि प्रशासनले ग्यास वितरणलाई आवश्यकतामुखी बनाउने तथा सम्भावित अनियमितता नियन्त्रण गर्न विशेष निगरानी बढाउने भएको हो ।

सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी शर्माद्वारा हस्ताक्षरित सूचनाअनुसार ७५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, पूर्ण रूपमा अशक्त तथा अपाङ्गता भएका व्यक्ति तथा कोठा भाडामा बस्ने विद्यार्थीलाई प्राथमिकताका आधारमा ग्यास उपलब्ध गराइनेछ । यी लक्षित वर्गका व्यक्तिलाई ग्यास प्राप्त गर्न समस्या भएमा जिल्ला प्रशासन कार्यालयको टोल-फ्री नम्बर १६६०-५६५२००१ मा सम्पर्क गरी जानकारी गराउन सकिने सूचनामा उल्लेख गरिएको छ ।

नेपाल आयल निगमको निर्णय अनुरुप ग्यास बिक्री वितरण गरी ग्यास उद्योगी तथा विक्रेताले आफूले प्राप्त गरेको र बिक्री गरेको परिमाणको स्पष्ट अभिलेख राख्नुपर्नेछ । उक्त विवरण दैनिक रूपमा जिल्ला प्रशासन कार्यालयमा बुझाउनुपर्ने व्यवस्था गरिएको छ । विवरणमा अनियमितता भेटिएमा कडा कारबाही गरिने प्रशासनले जनाएको छ ।

प्रशासनले आम उपभोक्तालाई नजिकका विक्रेतासँग सम्पर्क गरेर ग्यास लिन, आवश्यकताभन्दा बढी ग्यास सञ्चित नगर्न तथा ग्यासको अभाव कम गर्न विद्युतीय चुल्हाको प्रयोग बढाउन आग्रह गरेको छ । कतै ग्यास लुकाइछिपाइ वा गैरकानूनी रूपमा बिक्री भइरहेको जानकारी पाएमा टोल-फ्री नम्बर वा प्रहरीको हटलाइन नम्बर १०० मा खबर गर्नसमेत अनुरोध गरिएको छ । सूचनामा ग्यास वितरण प्रणालीलाई न्यायोचित बनाउन सबैको सहयोग आवश्यक रहेको उल्लेख गरिएको छ ।रासस

# लागू औषधसहित एक पक्राउ



**टुडे समाचारदाता**

रौतहट । नेपालबाट भारततर्फ लैजाँदै गरेको करिब २ किलो लागुऔषध अफिमसहित एक युवक भारतको सीमावर्ती क्षेत्रमा पक्राउ परेका छन् ।

भारतीय सीमाक्षेत्र महुवामा भारतीय सीमा सुरक्षा बल (एसएसबी) र स्थानीय प्रहरीको संयुक्त टोलीले शुक्रबार राति सञ्चालन गरेको विशेष अपरेसनका क्रममा उनलाई नियन्त्रणमा लिएको हो ।

भारतको बिहार राज्य अन्तर्गत पूर्वी चम्पारण जिल्लाको अदापुर ब्लक, पचपुखरिया गाउँका ३१ वर्षीय बिरगु यादव पक्राउ परेको एसएसबी पिपराकोठीका सहायक कमाण्डेन्ट विश्वजित तिवारीले जानकारी दिएका छन ।

सूचनाका आधारमा एसएसबीको बी कम्पनी महुवा, ७१ बटालियन मोतिहारी र महुवा प्रहरीको संयुक्त टोलीले राति करिब ९:३० बजे चन्द्रमन गाउँ नजिक उनलाई पक्राउ गरेको हो । पक्राउका क्रममा उनको साथबाट १ किलो ९४५ ग्राम अफिम बरामद गरिएको सुरक्षा स्रोतले जनाएको छ । बरामद गरिएको अफिम भारत-नेपाल सीमा स्तम्भ नम्बर ३७७ बाट करिब १.२ किलोमिटर दूरीमा फेला परेको र अदापुरका सर्कल अफिसरको उपस्थितिमा घटनास्थलमै तौल गरिएको बताइएको छ ।

प्रारम्भिक अनुसन्धानका आधारमा उक्त अफिम नेपालबाट भारततर्फ तस्करी गरेर लैजाँदै गरेको आशंका गरिएको छ। पक्राउ परेका यादव र बरामद गरिएको अफिमलाई थप अनुसन्धानका लागि महुवा प्रहरी थानामा बुझाइएको भारतीय सुरक्षा स्रोतले जनाएको छ ।

# ग्यास अभावले विद्यालय संचालनमा समस्या

**टुडे समाचारदाता**

जनकपुरधाम । निजी तथा आवासीय विद्यालयहरूको छाता संगठन एन-प्याब्सनले नखाना पकाउने एलपीजी ग्यासको अभावले जनकपुरधामस्थित निजी आवासीय विद्यालयहरु दैनिक सञ्चालन प्रभावित भइरहेको जनाएको छ ।

एन-प्याब्सन जनकपुरधाम नगर समितिले निजी आवासीय (होस्टेलसहित सञ्चालनमा रहेका) विद्यालयहरूको दैनिक सञ्चालनमा समस्या भइरहेकाले ग्यास आपूर्ति सहज बनाउन सम्बन्धित निकायसँग आग्रह गरेको छ ।

एन-प्याब्सन जनकपुरधामका नगर अध्यक्ष दिपक ठाकुरले ग्यास अभावले विशेषगरी होस्टेल सञ्चालन गर्ने विद्यालयहरूमा गम्भीर समस्या उत्पन्न भएको बताए । उनका अनुसार आवासीय विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि बिहान, दिउँसो र बेलुका नियमित रूपमा खाना तयार गर्नुपर्ने भएकाले ग्यासको निरन्तर आपूर्ति अत्यन्त आवश्यक हुन्छ ।

अध्यक्ष ठाकुरले भने, ‘पछिल्ला केही दिनदेखि ग्यासको आपूर्ति नियमित हुन नसक्दा आवासीय विद्यालयहरू निकै समस्यामा परेका छन् । विद्यार्थीहरूको खानपानसँग प्रत्यक्ष जोडिएको विषय भएकाले यसलाई सामान्य रूपमा लिन मिल्दैन । सरोकारवाला निकायले तत्काल ध्यान दिएर ग्यास आपूर्ति सहज बनाइदिनु आवश्यक छ ।’

उनका अनुसार जनकपुरधामका धेरै निजी विद्यालयहरूमा सयौं विद्यार्थी होस्टेलमा बस्दै अध्ययन गरिरहेका छन् । ग्यास अभाव लम्बिँदै गएमा विद्यालयहरूले वैकल्पिक उपाय अपनाउनुपर्ने अवस्था आउन सक्ने उनले बताए । उनले भने केही विद्यालयहरूले अस्थायी रूपमा दाउरा वा अन्य विकल्प प्रयोग गर्ने तयारी गरिरहेका छन् । तर, त्यो दीर्घकालीन समाधान नभएको उनीहरूको भनाइ छ ।


एन-प्याब्सन जनकपुरधामले ग्यास आपूर्ति समस्या तत्काल समाधान नभए आवासीय विद्यालयहरूको सञ्चालन थप प्रभावित हुन सक्ने चेतावनी पनि दिएको छ । विद्यार्थीहरूको हितलाई ध्यानमा राख्दै सरोकारवाला सबै पक्षलाई तत्काल समस्याको समाधान खोज्न उनले आग्रह गरेका छन् ।

# चैत ७ गतेदेखि २० गतेसम्म रातका समयमा यातायात बन्द गरिने

काठमाण्डु । अरनिको राजमार्गअन्तर्गत काभ्रेस्थित धुलिखेल-खावा सडक खण्डको स्तरोन्नतिलाई तीव्रता दिइएका अवस्थामा कालेपत्र (पक्की) बनाउन आगामी चैतमा दुई हप्ता बन्द गरिएको छ ।

निर्माण व्यवसायीको लापरबाहीका कारण रोकिएको विस्तारका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौतागरिएपछिपुनःस्तरोन्नतिलाई तीव्रता दिइएपछि पक्की बनाउन आगामी चैत ७ गतेदेखि २० गतेसम्म रातिको समयमा यातायातका साधान बन्द गरिएको हो । सडक डिभिजन कार्यालय भक्तपुरले सार्वजनिक सूचना जारी गर्दै कालोपत्रे कामका लागि उक्त समयावधिमा रातका समयमा यातायातका साधान सञ्चालनमा रोक लगाइएको कार्यालय प्रमुख सिनियर डिभिजनल इीन्जनियर सुनम योगेशले बताउनुभयो ।

उहाँका अनुसार उक्त सडकखण्ड कालोपत्रका लागि आगामी चैत ७ देखि २० गतेसम्म बन्द गर्न लागिएका उक्त अवधिमा साँझ ६ बजेदेखि बिहान ५ बजसम्म ठूला चारपाङ्गे सवारी साधन चल्न रोक लगाइने भएको छ । यस्तै उक्त समयमा यात्रुवाहक बस पनि चल्न रोक लगाइएको र वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरिएको छ । यसैगरि टिपर र ट्रकलगायत (पास लिएकासमेत) मालबहाक सवारीका साधनलाई चौबिसै घण्टा चलाउन रोक लगाइएको हो ।



उक्त सडकखण्डमा निर्माणमा ढिलासुस्ती हुँदा तीन वर्षदेखि राजमार्गको यात्रा कष्टकर बन्दै आएको छ । कार्यलयले पुरानो ठेक्का रद्द गरेको पाँच महिनापछि गत साउनमा पुनःबोलपत्र आह्वान गरेको थियो । चार किलोमिटर दूरीको उक्त सडकखण्ड नयाँ निर्माण कम्पनीले समयमै सक्नेमा आशावादी भएको योगेशले बताउनुभयो ।

जिल्ला सदरमुकाम धुलिखेलदेखि-खावासम्मको उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले निर्माण कम्पनीसँगको ठेक्का रद्द गरेको थियो ।

सम्झौताका समयसीमा सकिएको ११ महिनापछि कार्यालयले गतसाल फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको निर्माण कम्पनीसंग ठेक्का रद्द गरेको हो । सडक बिस्तारको काम कम्पनीले विसं २०७९ जेठ २० मा २२ महिना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्नुपर्ने गरी रु २० करोड १९ लाख ४६ हजार ५०१ मा ठेक्का लिएको थियो ।

अरनिको राजमार्गहुँदै नेपालको चीनसँगको उत्तरी नाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा छिमेकी जिल्ला दोलखा, रामेछापलगायतका जिल्लातर्फ जाने मुख्य सडकको रूपमासमेत रहेको उक्त राजमार्ग समयमै नबन्दा यात्रु धुलो, हिलो, ट्राफिक जाम र दुर्घटनाको जोखिमबीच यात्रा गर्न बाध्य भएका छन् ।

उक्त सडकमा गुड्ने मालवहाक सवारीको भारवहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्र डिबिएम र आस्फाल कालोपत्र गर्ने कार्यालयले योजना बनाएको छ । सडक निर्माणको काम समयमा नसकिँदा पुनःनिर्माणका लागि भत्काइएका सडकमा दुर्घटना हुँदा यात्री घाइते भइसकेका छन् ।रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | काममा नयाँ अवसर आउन सक्छ । |
| वृष : | धैर्य राखेर काम गर्नु आवश्यक हुनेछ । |
| मिथुन : | नयाँ योजना सुरु गर्न आजको दिन राम्रो देखिन्छ । |
| कर्कट : | करियर वा व्यवसायमा राम्रो खबर आउन सक्छ । |
| सिंह : | दिन सामान्य रहन सक्छ । निर्णय गर्दा हतार नगर्नु राम्रो हुन्छ । |
| कन्या : | काम र व्यक्तिगत जीवन सन्तुलनमा राख्नुपर्ने दिन हो । |
| तुला : | नयाँ जिम्मेवारी आउन सक्ने संकेत देखिन्छ । |
| वृश्चिक : | अधुरा काम पूरा हुने सम्भावना छ । कार्यक्षेत्रमा प्रगति देखिन सक्छ । |
| धनु : | आत्मविश्वास बढ्ने दिन रहनेछ । नयाँ योजना सुरु गर्न सकिने समय छ । |
| मकर : | थोरै चुनौतीहरु आउन सक्छन् । काममा धैर्य र सावधानी अपनाउनु राम्रो हुन्छ । |
| कुम्भः | काममा व्यस्तता बढ्न सक्छ । नयाँ व्यक्तिसंग भेटले भविष्यमा फाइदा दिनसक्छ। |
| मीन : | करियर र आर्थिक क्षेत्रमा राम्रो संकेत देखिन्छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मार्च १२, २०२६ मा खिचिएको यो तस्बिरले इरानको तेहरानमा भत्किएका घरहरू देखाउँछ। *(सिन्ह्वा/शादाती)*

# पारिजात सम्मान २०८२ बाट सम्मानित हुनेहरूको नाम घोषणा

काठमाण्डु । पारिजात स्मृति केन्द्रले पारिजात सम्मान २०८२ बाट सम्मानित हुने प्रतिभाको नाम घोषणा गरेको छ।

साहित्यकार पारिजातको ९२ औँ जन्मजयन्तीका अवसरमा शनिबार काठमाडौँमा आयोजना गरिएको 'पारिजात जन्मजयन्ती' कार्यक्रममा सम्मानित हुनेहरूको नाम घोषणा गरिएको केन्द्रका महासचिव दिलसुन्दर श्रेठले जानकारी दिनुभयो । आगामी वैशाख ५ गते पारिजातको स्मृति दिवसमा सम्मान प्रदान गरिने उहाँले बताउनुभयो।

सम्मानित हुनेमा 'पारिजात बालसाहित्य सम्मान २०८२' बाट बालसाहित्यकार रामबाबु सुवेदी, 'पारिजात कला सम्मान २०८२' बाट गीतकार तथा सङ्गीतकार शरद पौडेल, 'पारिजात सृजन सम्मान २०८२' बाट नवीन




विभास तथा 'पारिजात सङ्घर्षशील महिला सम्मान २०८२' बाट देवी खड्का रहनुभएको छ।

विसं १९९० फागुन ३० गते पारिजातको जन्म भएको दिनलाई प्रत्येक वर्ष केन्द्रले 'पारिजात जन्मजयन्ती'का रूपमा मनाउँदै आएको छ । यसैगरी, केन्द्रले पारिजात परिसंवाद कार्यक्रम गर्दै आएको र यस वर्ष 'प्राडा वासुदेव त्रिपाठीसँग डा महेश मास्के पारिजात परिसंवाद' कार्यक्रम सञ्चालन गरेको थियो।कार्यक्रममा विभिन्न साहित्यकार, विद्यार्थी, सर्जकलगायत उपस्थित हुनुहुन्थ्यो।रासस

# तीनदिने नेपाल फार्मा एक्स्पो सम्पन्न




काठमाण्डु । नेपाल औषधि उत्पादक सङ्घ (एपन) को आयोजनामा सञ्चालित तीनदिने नेपाल फार्मा एक्स्पो २०२६ समापन गरिएको छ । ' फार्मामा नवीनता, भोलिका लागि स्वास्थ्य' भन्ने मूल सन्देशका साथ यही फागुन २८, २९ र ३० गते एक्स्पो आयोजना गरिएको थियो । सङ्घले प्रत्येक दुई वर्षमा आयोजना गर्ने यो एक्सपोको दशौं संस्करण हो ।

नेपाल औषधि उत्पादक सङ्घका अध्यक्ष विप्लब अधिकारीले नेपालमा विश्वस्तरीय र गुणस्तरीय औषधि उत्पादन हुन्छ भन्ने विश्वास दिलाउन यो एक्सपो आयोजना गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "विश्व परिवेशमा औषधि बनाउनका लागि कस्ताखालका प्रविधि विकास भएका छन् ? नयाँ आविष्कार भएका नयाँ प्रविधिहरुलाई आत्मसात् गरेर नेपाली औषधि बनाइरहेका छौं भन्ने जानकारी दिन एक्स्पो आयोजना गरेका हौं।" उहाँले नेपालमा उत्पादित औषधिको गुणस्तरमा कुनै शङ्का नगर्न आग्रहसमेत गर्नुभयो।

एक्स्पोका मिडिया संयोजक शैलेश वैद्यले जनताको सामू अन्तरराष्ट्रिय मापदण्ड र गुणस्तरको औषधि बनाइरहेको देखाउन एक्स्पो आयोजना गरिएको बताउनुभयो।

उहाँका अनुसार तीन दिनमा २५ हजार बढीले एक्स्पो अवलोकन गरेका छन्।

एक्स्पोमा २०० भन्दाबढी प्रदर्शनी कक्ष थिए भने कुल प्रदर्शनी कक्षमध्ये ९० प्रतिशतभन्दा बढी सहभागिता विदेशी तथा बहुराष्ट्रिय कम्पनीहरूको सहभागिता थियो । साथै विश्वबजारमा आएका नवीनतम कच्चा पदार्थ, प्याकेजिङ सामग्री र अत्याधुनिक मेसिनरीहरू प्रदर्शन गरिनुका साथै स्वदेशी औषधि उद्योगका प्रगति र उत्पादन पनि राखिएको थियो।रासस

# महानगरको अपाङ्गतामैत्री प्रशासनिक भवन सञ्चालन

पाटन । ललितपुर महानगरपालिकाको अपाङ्गतामैत्री अत्याधुनिक प्रशासनिक भवन सञ्चालनमा आएको छ। ललितपुर-१२ को प्रशासनिक कार्यालयसमेत सञ्चालन हुनेगरी महानगरले निर्माण गरेको 'ब्लक सी' भवन सञ्चालनमा आएको हो।

महानगरका प्रमुख चिरीबाबु महर्जनले शनिबार एक कार्यक्रमका बीच उक्त भवन उद्धाटन गर्दै र्नुभएको हो । यहाँबाट १२ नं वडा कार्यालयसँगै महानगरका दुईवटा महाशाखाले नगरवासीलाई सेवा दिने जानकारी दिनुभयो।

"भवन निर्माणका क्रममा धेरै कठिनाइ उत्पन्न भए, मुद्दा मामिलादेखि जग्गाको भोगाधिकारसम्मका विषयलाई हामीले समाधान गरेर यो चरणसम्म सफलता हासिल गर्न सफल भयौँ", उहाँले भन्नुभयो।

हालसम्म महानगरले तीन प्रशासनिक र २३ वटा अत्याधुनिक वडा कार्यालय भवन निर्माण सम्पन्न गरेको जनाउँदै महानगरप्रमुख महर्जनले प्रविधिअनुसारको नागरिकमैत्री



सेवा प्रवाहका लागि महानगर प्रयासरत रहेको बताउनुभयो । उहाँले आगामी दिनमा गुणस्तरीय र प्रभावकारी सेवा प्रवाहमा कुनै पनि कसर बाँकी नराख्ने प्रतिबद्धता जनाउनुभयो।

महानगरकी उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले अब वडा नं ५, ९, १४ र १६ सहित पाँचवटा वडा कार्यालय भवन निर्माण हुन बाँकी रहेको जानकारी गराउँदै ती भवन पनि यथाशीघ्र निर्माण गर्नेतर्फ महानगर केन्द्रित रहेको बताउनुभयो । उहाँले वडा नं ५ को भवन निर्माणका लागि जग्गा प्राप्तिको कार्य सम्पन्न भइसकेको जानकारी गराउनुभयो । सेवा प्रवाहको हिसाबले यो भवन नागरिकका लागि अत्यन्तै महत्वपूर्ण भएको भन्दै उहाँले धेरै कानुनी अवरोध सामना गर्दै समयमा भवन निर्माण सम्पन्न गरेर सेवा प्रवाह गर्ने अवस्थामा आएकामा खुसी व्यक्त गर्नुभयो।

ललितपुरका जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले यो अत्याधुनिक भवन निर्माणले सुशासन कायम राख्दै सरकारी मूल्य मान्यता र स्वचालित सेवा प्रवाहलाई प्रभावकारी बनाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले यहाँका सबै कर्मचारी तथा सरोकार भएका निकायले सुशासन कायम राखेर नागरिकलाई सेवा दिने र उपलब्धिमूलक नचिजा ल्याउनेमा आफू विश्वस्त रहेको बताउनुभयो।

उहाँले समुदायस्तरबाट ठूलाठूला मठमन्दिर निर्माण भएका स्मरण गर्दै महानगरले नागरिकको सेवामा गरेको पहल उदाहरणीय रहेको धारणा राख्नुभयो।

प्रमुख प्रशासकीय अधिकृत रेखादास श्रेष्ठले ललितपुर महानगरले उत्कृष्ट कार्य सम्पादन गर्नेतिर ध्यान दिएको र नागरिकको सेवाको सर्वोपरि हितलाई ध्यान दिँदै महानगरले आफ्नो कार्यहरू अगाडि बढाइरहेको जानकारी गराउनुभयो । उहाँले विगतमा निर्माण भएका भवनहरु अहिले पर्याप्त नभएकाले सेवाग्राहीको सहजतालाई केन्द्रमा राखेर प्रशासनिक संरचना निर्माण गरिएको उल्लेख गर्नुभयो।

दुई हजार २४४ दशमलव ४१ वर्गमिटर क्षेत्र रहेको छतले भवनको पहिलो तलामा वडा कार्यालय र त्यसभन्दा माथि महानगरका महाशाखाहरू सञ्चालनमा आउने जनाइएको छ। महागरको पूर्वाधार महाशाखा प्रमुख प्रदीप पौडेलले दिनुभएको जानकारीअनुसार २४ महिनाभित्र रु ११ करोड ९५ लाखमा निर्माण सम्पन्न हुनेगरी २०७९ असार १३ गते सम्झौता भएको उक्त भवन निर्माणका क्रममा विभिन्न कानुनी झमेलाका कारण पटकपटक म्याद थप गरी हालै निर्माण सम्पन्न भएको हो।रासस

# बाग्मती शुद्ध गर्न बृहत् पाशुपतक्षेत्र पदयात्रा गरिने

काठमाण्डु । विगत साढे चार दशकदेखि प्रदूषित बन्दै गएको बाग्मती नदीलाई शुद्ध बनाई बाग्मतीको जलले पशुपतिनाथलाई स्नान गराउन 'बृहत् पाशुपतक्षेत्र पदयात्रा' गर्ने तयारी भएको छ।

शनिबार आयोजित पत्रकार साक्षात्कार एवं प्राज्ञिक उद्‌बोधन कार्यक्रममा आराध्यदेव भगवान् श्रीपशुपतिनाथ र पाशुपतक्षेत्रको माहात्म्य एवम् पवित्र बाग्मती नदीको विशिष्टता उजागर गर्ने उद्देश्यले 'बृहत् पाशुपतक्षेत्र पदयात्रा' (चौसट्ठी सिद्धलिङ्ग दर्शन) गर्न लागिएको जानकारी दिइएको हो।

पशुपतिनाथ, पाशुपतक्षेत्र तथा बाग्मती नदीको विशिष्टता समस्त सनातनी तथा नेपालीलाई जागृत गराउने पदयात्राको मुख्य उद्देश्य रहेको महेश सन्न्यास आश्रमका पीठाधीश एवम् ' महेश संस्कृत गुरुकुलम्' का



अध्यक्ष स्वामी रमणानन्द गिरिले जानकारी दिनुभयो।

उहाँका अनुसार बाग्मती नदी प्रदूषित भएकामा भगवान् पशुपतिनाथ एवं बाग्मतीप्रति क्षमायाचना तथा प्रायश्चित गर्ने उद्देश्यका साथ पदयात्रा आयोजना गर्न लागिएको हो। स्वामी गिरिको सत्सङ्कल्पमा पदयात्रा गर्न लागिएको जनाइएको छ।

आगामी चैत १५ गते पशुपति शङ्कराचार्यमठमा बृहत् पशुपति यात्राको समुद्घाटन गरिने पत्रकार सम्मेलनमार्फत जानकारी गराइएको छ। सोहीदिन पशुपतिपूजन तथा बाग्मती गङ्गाको विशेष आरती गरिने छ।

चैत १६ गते पशुपति क्षेत्रबाट आदिलिङ्ग कुशेश्वरतर्फ यात्रा गरिने छ । पाशुपत पदयात्राको शुभारम्भ आदिलिङ्ग कुशेश्वर महादेवको दर्शनबाट हुने स्वामी गिरिले बताउनुभयो।

कुशेश्वरबाट दोलखा भीमसेनको दर्शन गरेर फर्किएपछि सिन्धुली, नुवाकोट, धादिङ, मकवानपुर, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, जनकपुरलगायत क्षेत्रमा रहेका सिद्धलिङ्गको दर्शनका लागि पनि पैदल यात्रा गरिने योजना रहेको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार कम्तीमा ३५-४० दिनमा बाग्मती प्रदेशका १० जिल्लामा रहेका सिद्धलिङ्गको तीर्थयात्रा सम्पन्न हुने अनुमान गरिएको छ।

पदयात्राका संयोजक पण्डित कपिलदेव सुवेदीले ६४ शिवलिङ्गको यस किसिमको यात्रा प्रताप मल्लपछि अहिले गर्न लागिएको जानकारी दिनुभयो । पदयात्रा समितिका सचिव श्यामकृष्ण सुवेदीले ६४ शिवलिङ्गमध्ये २४ वटा काठमाडौँमा रहेका जानकारी दिनुभयो । उहाँका अनुसार पदयात्राका क्रममा काठमाडौँ वरपरका १० जिल्लाबाट तीनपटक पशुपतिनाथको परिक्रमा हुनेछ।रासस

# प्राधिकरणको केन्द्रीय 'वर्कसप'ले गर्‍यो नौ सय ट्रान्सफर्मर मर्मत

बाग्मती । कर्मचारी अभावका बाबजुद मकवानपुरको हेटौंडास्थित नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय 'वर्कसप'ले चालु आर्थिक वर्षको सात महिनामा नौ सय ट्रान्सफर्मर मर्मत गरेको छ। कार्यालय प्रमुख इन्जिनियर राजकुमार श्रेष्ठका अनुसार चालु आव २०८२/८३ को साउनदेखि हालसम्म वर्कसपमा विभिन्न जिल्लाबाट बिग्रिएर आएका ती ट्रान्सफर्मर मर्मत गरी फिर्ता पठाइएको हो।

गत आव २०८१/८२ मा एक हजार नौ सय ५० थान ट्रान्सफर्मर मर्मत गरेको सो वर्कसपले चालु आवमा एक हजार ५०० को हाराहारीमा ट्रान्सफर्मर मर्मत गर्ने लक्ष्य लिएको प्रमुख श्रेष्ठले बताउनुभयो । "हामीसँग चाहिने जति जनशक्ति छैन, केही समय ट्रान्सफर्मरमा प्रयोग हुने तेल र तामाको मूल्य बढेर आपूर्तिका लागि 'टेन्डर' हुन नसक्दा मर्मतको काम रोकियो", उहाँले भन्नुभयो, "पछिल्लो दुई महिनादेखि ट्रान्सफर्मर मर्मतको काम भइरहेको छ। लक्ष्य भेटाउने गरी काम गर्छौं।"

उक्त वर्कसपले मधेस प्रदेश, गण्डकीका सबै जिल्ला तथा बाग्मती प्रदेशका मकवानपुर, चितवन, सिन्धुली जिल्लामा जडान भएका ट्रान्सफर्मर मर्मत गर्दै आएको छ। कुल ४९ जना जनशक्तिको दरबन्दी रहेको वर्कसपमा हाल २९ जना स्थायी, १५ जना ज्यालादारी र आठ जना करारका कर्मचारी कार्यरत छन्। प्रमुख श्रेष्ठका अनुसार कार्यालयमा माथिल्लो तहको जनशक्ति भए पनि हेल्पर, जुनियर हेल्परको अभाव छ। "ट्रान्सफर्मर खोल्न र लगाउन हेल्पर र जुनियर हेल्पर आवश्यक हुन्छ, ती कर्मचारी हामीसँग तीन जना मात्रै छन्। त्यसैले काम गर्न समस्या भइरहेको छ।"

ट्रान्सफर्मर मर्मतको सङ्ख्या र दायित्व बढे पनि पुरानै दरबन्दीअनुसार जनशक्ति व्यवस्थापन हुँदा सोचेअनुसार काम गर्न समस्या रहेको छ। रासस

# 'नेपालमा लगानी बढाउन सरकार, एनआरएनए र निजी क्षेत्रबीच सहकार्य आवश्यक'

काठमाण्डु । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) को १२औं विश्व सम्मेलनमा नेपालमा लगानीको वातावरण अनुकूल बनेको भन्दै जलविद्युत्, पर्यटन, सूचना प्रविधिलगायत क्षेत्रमा लगानी बढाउन आह्वान गरिएको छ। शनिबार कार्यक्रममा सहभागी उद्यमी तथा विज्ञहरूले नीतिगत स्थायित्व, विश्वासको वातावरण र संस्थागत संयन्त्र निर्माण गर्न सके प्रवासी नेपालीको लगानी बढ्न सक्ने धारणा राखेका छन्।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले नेपालमा लगानीको विश्वस्त आधार बनाउँदै सरकार, एनआरएनए र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको धारणा राख्नुभयो। विगतमा अस्थिर सरकारका कारण नीतिगत एकरुपतामा केही समस्या रहे पनि अब करिब दुई तिहाइसहितको सरकार आउन लागेकाले लगानीकर्तामा आत्मविश्वास जगाउन सबै एकजुट हुनुपर्ने भन्दै उहाँल लगानी सहजीकरण गर्न बोर्ड प्रतिबद्ध रहेको बताउनुभयो।

नेपाल राष्ट्र बैङ्क अनुसन्धान विभागका कार्यकारी निर्देशक रामशरण खरेलले विदेशमा रहेका करिब ८० लाख नेपालीलाई नेपालको दीर्घकालीन आर्थिक विकासमा जोड्ने विषयमा सोच्नुपर्ने बताउनुभयो । उहाँले लगानीका लागि सुरक्षित वातावरण, बजार र विश्वासको आधार तयार गर्नुपर्नेमा जोड दिनुभयो।


नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा अब राजनीतिक स्थिरताको वातावरण बनेकाले प्रवासी नेपालीसँग सहकार्य गरेर नीतिगत



सुधारमार्फत लगानी भित्र्याउन निजी क्षेत्र तयार रहेको बताउनुभयो। नेपाल उद्योग परिसङ्घका उपाध्यक्ष हेमराज ढकालले नेपालको अर्थतन्त्रलाई १०० बिलियन डलरको बनाउन एनआरएनको लगानी महत्वपूर्ण हुने धारणा राख्नुभयो।चेम्बर अफ कमर्सका उपाध्यक्ष दीपक मल्होत्राले नीतिगत स्थायित्व, लगानी र विश्वासमा जोड दिँदै गैरआवासीय लगानीका लागि संस्थागत संयन्त्र आवश्यक भएको धारणा राख्नुभयो।

एनआरएनएका संस्थापक अध्यक्ष उपेन्द्र महतोले भावी पुस्ताको भविष्यलाई ध्यानमा राख्दै नेपालमा लगानी गर्न आग्रह गर्नुभयो । यसैबीच, सम्मेलनअन्तर्गत आयोजित 'दोस्रो पुस्ताका युवा र सांस्कृतिक उत्तरदायित्व' सत्रमा वरिष्ठ संस्कृतिविद् डा जगमान गुरुङले संस्कृतिको संरक्षण पुस्तान्तरणबाट हुने भन्दै प्रवासमा रहेका नेपालीका सन्ततिलाई संस्कृति र भाषासँग जोड्नुपर्ने बताउनुभयो । संस्कृतिविद् प्राडा वीणा पौडेलले भाषा, कला र चाडपर्वमार्फत संस्कृति जोगाउन सकिने उल्लेख गर्नुभयो।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले प्रवासमा रहेका दोस्रो पुस्तालाई नेपालसँग जोड्न सांस्कृतिक पर्यटन प्रवर्द्धन आवश्यक रहेको बताउनुभयो। एनआरएनएका उपाध्यक्ष डा हेमराज शर्माले युवालाई नेपालसँग जोड्न भाषा शिक्षा, सांस्कृतिक कार्यक्रम र खेलकुदजस्ता गतिविधि उपयोगी हुने धारणा राख्नुभयो। कार्यक्रममा विभिन्न वक्ताले प्रवासी नेपालीको लगानी, सीप र ज्ञानलाई नेपालको आर्थिक विकाससँग जोड्न नीतिगत सुधार र सहकार्य आवश्यक रहेकामा जोड दिएका थिए।रासस




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# बालेन प्रधानमन्त्री हुनेमा विवाद नै छैन

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह( बालेन साह) प्रधानमन्त्री हुनेमा कुनै प्रकारको विवाद नै छैन । रास्वपाले आधिकारिक रुपमा नै शाहसित सम्झौता गरेको लिखत छ। कसैले बालेन प्रधानमन्त्री हुने वा नहुने भने जिज्ञासा राख्नुको कुनै औचित्य छैन । चुनावमा रास्वपाले प्रत्यक्ष र समानुपातिक तर्फ प्राप्त गरेको मत र स्थान बालेनको कारण हो । देशभरिको निर्वाचन क्षेत्रमा एकजना मात्र रास्वपाबाट चुनाव लडेको माहौल बनेको थियो। त्यो थियो बालेन शाह। मधेश, पहाड र हिमालका मतदाताहरुले आफ्नो क्षेत्रको उम्मेदवारको नाम, पार्टीको नामबारे कुनै चासो देखाएनन् । उम्मेदवारको व्यक्तिगत विवरण पनि मतदाताले खोजेनन्। रास्वपाले कसलाई किन टिकट दियो, त्योपनि मतदाताको चासोको विषय बनेन। मतदाताले चुनावमा बालेनको घण्टी छाप मात्र बुझ्े। जनकपुरधामको तिरहुतिया गाछीबाट उनले दिएको सन्देश नै चुनाव जित्ने अस्त्र बन्यो । प्रदेश संरचनाबारे पनि उनले प्रष्ट धारणा राखे । प्रदेशलाई सबल र संस्थागत गरी अधिकार सम्पन्न बनाउने बालेनले वाचा गरे। प्रदेशबाट अधिकार माग्न काठमाण्डु जान नपर्ने उनले दिएको वचन पनि चुनाव जित्न प्रभावकारी भयो। नेपालको इतिहासमा अकल्पनीय रुपमा बालेन शाह शक्तिशाली प्रधानमन्त्रीको रुपमा उदाएका छन् । उनलाई प्रधानमन्त्री बनाउन कुनै प्रकारको अवरोध कसैले सृजना गर्न खोजे त्यसको अन्त्य हुनेछ। नेपाली मतदाताले घण्टी छापमा खन्याएको बेसुमार मत बालेनलाई प्रधानमन्त्रीको रुपमा हेर्नका लागि हो । बालेनप्रति मतदाताले गरेको विश्वास यस अघि कुनै चुनावमा कुनै नेतालाई गरिएको नेपालको इतिहासमा छैन। छिमेकी देश भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पाएको अपार बहुमतको आधारमा नै देशमा विद्यमान धेरै विकृतिहरु हटाए । बालेनले पनि पाएको मतादेश देशमा रहेका सबै प्रकारको विकृति, विसंगतिलाई हटाउने बलियो आधार हो। सरकारमा कसलाई राख्ने र नराख्ने विषयमा सांसदहरुले लविंग गर्ने अवस्था पनि छैन। बालेनले सांसदहरुलाई सरकारमा लग्ने पक्षमा नै देखिएको छैन । विज्ञहरुलाई समेटेर सरकार बनाउने उनको गहिरो सोचले देश नयाँ दिशामा अगाडि बढ्ने छ। हुन त बालेनलाई मधेशी नै मान्ने नेताहरुले पनि अहिले औपचारिक रुपमा नै बालेन प्रधानमन्त्री हुन लागेकोमा खुशी व्यक्त गरेका छन् । उनीहरुले निःस्वार्थ सहयोग र समर्थन गर्ने निर्णय गरेका छन्। सरकारलाई समर्थन गर्न सांसद हुन आवश्यक छ। तर एकजना पनि जित्न नसकेको मधेश केन्द्रित दलहरुको निर्णयले भविष्यमा मधेशमा राजनीति गर्ने आधार बनाएको बाहेक केही होइन । चुनाव जित्न वडा तह सम्मको संगठन हुनुपर्ने मान्यता पनि समाप्त भइसकेको छ। इमान्दार र विकासप्रेमी नेतालाई सोझै जनताले शिखरमा पुर्‍याउने यस चुनावबाट देखिएको छ। अपार जनसमर्थन प्राप्त नेता बालेनको नेतृत्वमा देश विकासलाई अगाडि बढाउनुको विकल्प छैन।

# भारतलाई छिमेक हेर्ने नवीन ‘टेम्प्लेट’ आवश्यक छ



रञ्जित रे

राष्ट्रिय स्वतन्त्र पार्टीले चुनावमा राम्रो नतिजा ल्याई दुई तिहाइ बहुमतको सन्निकट पुगेको छ, जसले राजनीतिक क्षेत्रमा ठूलो परिवर्तन ल्याएको छ।

नयाँ निर्वाचनमा युवा पुस्ताको आकांक्षा र पुराना नेताहरूसँगको असन्तुष्टि प्रमुख मुद्दा बनेको थियो, जसले पुरानो राजनीतिक शैलीलाई अस्वीकार गर्‍यो।

भारत र चीनको नेपालप्रतिको दृष्टिकोण र रास्वपाको उदयले दुवै देशको चासो बढाएको छ, जसले नेपालको भविष्यको राजनीतिक दिशालाई प्रभाव पार्नेछ।

राष्ट्रिय स्वतन्त्र पार्टी दुई तिहाइ बहुमतको सन्निकटमा पुगे सँगै नेपालको राजनीतिक क्षेत्रमा धेरै ठुलो भुईँचालो गएको छ । मतगणनामा देखिएको प्रवृत्ति अनुसार रास्वपाले १ सय ६५ क्षेत्रमा भएको पहिलो हुनेले जित्ने तर्फको संसदीय निर्वाचनमा करिब १ सय २५ क्षेत्रमा विजय हासिल गर्ने पक्का भएको छ।

१ सय १० सिट रहेको समानुपातिक तर्फ पनि यही ढङ्गले मत आउने हो भने रास्वपाले करिब दुई तिहाइ बहुमत ल्याउने अवस्था देखिन्छ। दशकौंदेखि नेपाली राजनीतिमा प्रभावशाली रहँदै आएका नेपाली कांग्रेस, नेकपा (एमाले) तथा माओवादीहरू (नेकपा) आफ्नो शक्तिमा उल्लेखनीय कमी आएको अनुभव गर्दैछन्।

करिब ४ वर्ष अघि मात्रै त्यसबेलाका चर्चित टेलिभिजन प्रस्तोता रवि लामिछानेले खोलेको रास्वपाका लागि भने सफलताको असाधारण कथा रचना भएको छ । त्यस पार्टीले अहिलेसम्म नेपालको शक्ति करिडोरमा ‘आउटसाइडर’ ठानिएका काठमाडौँका पूर्व मेयर, ऱ्यापर एवं इन्जिनियर बालेन्द्र शाहको युवा तथा आकर्षक छविलाई प्रधानमन्त्रीका रूपमा उठाएर भरपुर फाइदा लिएको छ।

भर्खरै सम्पन्न आम निर्वाचन गत वर्षको सेप्टेम्बर महिनामा भएको जेनजी आन्दोलनको पृष्ठभूमिमा भएको थियो । उक्त ऐतिहासिक परिघटनाले विद्यमान राजनीतिक नेतृत्व, भ्रष्टाचार र कुशासनका विरुद्धमा युवाहरूको निराशा र आक्रोशलाई छरपस्ट रूपमा उजागर गरिदिएको थियो।

यो निर्वाचन पहिलो पटक नेपालको ‘फल्ट लाइन’ का रूपमा रहेको पहाडी-मधेसीबिचको पहिचानको राजनीति भन्दा माथि उठेर सम्पन्न हुँदैछ। यसका अलावा चुनावमा कुनै पनि ‘वाद’ वा विचारधाराको आधारमा पनि प्रतिस्पर्धा भएको छैन।

नेपाल जस्तो औसत उमेर नै २५ वर्ष भएको देशमा, जहाँका करिब एक तिहाइ हाराहारी जनसङ्ख्या नै जीविकोपार्जनको खोजीमा विदेशमा पुगेको छ, त्यहाँका युवाहरू पुरानो पुस्ताका नेताहरू एवं उनीहरूको रवैयासँग वाक्क भइसकेका थिए । ती नेताहरूले नेपालको राजनीतिलाई पालैपालो मिलेमतोमा सञ्चालन गर्दै आएका थिए।

युवाहरूको आकाङ्क्षासँग टाढिँदै गएको तथा दम्भी व्यवहार बढ्दै गएको सरकारसँग युवाहरू चिढिँदै गएका थिए । यसैबिच विरोधको तत्कालीन कारकका रूपमा त्यस समय बहाल रहेको ओली सरकारले नेपालमा लोकप्रिय रहेका विभिन्न सामाजिक सञ्जालहरूमा लगाएको प्रतिबन्धले मुख्य भूमिका खेल्यो । त्यही आन्दोलन पश्चात् गठित सरकारले सम्पन्न गरेको यो निर्वाचनमार्फत पुरानो शैलीको राजनीति पूर्ण रूपमा अस्वीकृत भएको छ।

यो निर्वाचन पहिलो पटक नेपालको ‘फल्ट लाइन’ का रूपमा रहेको पहाडी-मधेसीबिचको पहिचानको राजनीति भन्दा माथि उठेर सम्पन्न हुँदैछ। यसका अलावा चुनावमा कुनै पनि ‘वाद’ वा विचारधाराको आधारमा पनि प्रतिस्पर्धा भएको छैन। साथै गणतन्त्र भर्सेज राजतन्त्र वा हिन्दु भर्सेज धर्मनिरपेक्षको चर्चा पनि भएको छैन।

भारतको दृष्टिकोणबाट हेर्दा धेरै वर्षपछि नेपालको चुनाव भारत वा भारत विरोधी राष्ट्रवादलाई चुनावी मुद्दा नबनाई सम्पन्न भएको छ । विगतका चुनावमा नेकपा (एमाले) का नेता केपी शर्मा ओलीले भारत विरोधी भाष्यको आडमा आफूलाई विजयी गराउने गरेका थिए। यो निर्वाचन बरु परिवर्तन तथा नयाँ, शिक्षित, प्रगतिशील, प्रविधि मैत्री एवं युवा उम्मेदवारहरूलाई देशको नेतृत्व दिलाउँदै आर्थिक समृद्धिको मार्गमा जाने विषयमा केन्द्रित रह्यो।

मधेसी बाबुका छोरा तथा काठमाडौँलाई आफ्नो कर्मभूमि बनाएका बालेन्द्र शाहको रूपमा रास्वपाले यस्तो नेतृत्व फेला पाऱ्यो जसले पहाड-मधेसको विभाजन मेट्न तथा सिङ्गै देशको काल्पनिकीलाई आत्मसाथ गर्न सक्थ्यो । निश्चय पनि अहिले नै नेपालको राजनीतिका ‘फल्ट लाइन’हरू मेटिइसके भन्ने त होइन तर यस चुनावमा तिनीहरूको महत्त्व भने स्वाट्टै घटेको छ।

नेपालमा कम्युनिस्टहरूले निर्वाचनमा कमजोर प्रदर्शन गरेका छन्, जुन भारतको दृष्टिमा सुखद खबर हो । परम्परागत रूपमा नेपालका कम्युनिस्ट तथा राजावादीहरू भारत विरोधी बयानबाजी गर्ने गर्थे।

अब रास्वपाको तत्कालको काम सरकार निर्माण गर्नु हो । त्यसपछि उनीहरू जेनजी आन्दोलनका मुख्य मागहरू पुरा गर्न लागि हाल्नु पर्नेछ । जस अन्तर्गत निर्दोष युवाहरूको हत्या गर्ने दोषीहरूलाई कारबाहीको दायरामा ल्याउनु पनि पर्छ। सन् २०१५ मा जारी भएको नेपालको संविधानका केही पक्षलाई नवीन दृष्टिले हेर्नुपर्ने मागहरू पनि छन्।

उक्त संविधान नेपालको विविधतापूर्ण समाजमा विद्यमान विपरीत स्वार्थहरूको सम्झौताको दस्ताबेजका रूपमा रहेको छ । साथै नवगठित सरकारले अल्प तथा मध्यकालीन अवधिमा नेपालको अर्थतन्त्रलाई गति दिने आर्थिक नीतिहरू पनि घोषणा गर्नुपर्ने छ। भनी रहनु परेन नेपालको अर्थतन्त्र यसअघि नै दबाबमा छ।

नेपालमा कम्युनिस्टहरूले निर्वाचनमा कमजोर प्रदर्शन गरेका छन्, जुन भारतको दृष्टिमा सुखद खबर हो । परम्परागत रूपमा नेपालका कम्युनिस्ट तथा राजावादीहरू भारत विरोधी बयानबाजी गर्ने गर्थे । भारतले पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको अन्तरिम सरकारको सुरुमै समर्थन गरेको थियो।

केही परम्परागत दलहरूको सुरुवाती विरोधका बाबजुद उनको सरकारले स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गर्नका लागि असाधारण भूमिका निर्वाह गरेको छ। भारतले नेपालको निर्वाचन सम्पन्न गर्नका लागि उल्लेख्य मात्रामा बन्दोबस्तीका सामानहरू पनि उपलब्ध गराएको थियो।



चीनका लागि नेपालमा नयाँ शक्तिहरूको उदय सशक्त र एकीकृत कम्युनिस्ट पार्टी निर्माणको प्रयासमा यो एक प्रकारको धक्का हो। अब पूर्ववर्ती सरकारहरूले लागु गराएका ‘बेल्ट एन्ड रोड इनिसिएटिभ’ अन्तर्गतका केही निरर्थक परियोजनाहरूबारे समीक्षा पनि हुनसक्छ।

परम्परागत पार्टीहरू भन्दा पृथक् रास्वपा भारत तथा त्यहाँको राजनीतिक वर्गमा राम्रोसँग परिचित छैन । बालेन्द्र शाह लगायत थोरै नवयुवा नेताहरू बाहेक रास्वपामा प्रायः भारतमा पढेका नेता छैनन् । बरु केही नेताहरू पश्चिमा मुलुकमा पढेका छन्। त्यस्ता नेताहरू प्रायः ‘टेक्नोक्र्याटिक’ छन्, जो राजनीतिमा आउनु अघि आफ्नो सम्बन्धित विषयगत क्षेत्रमा धेरै राम्रो काम गरिरहेका थिए।

आगामी दिनमा भारतले नेपालको नेतृत्व विचारधारामा आधारित भन्दा पनि व्यवहारिक (प्राग्मेटिक) भएको पाउनेछ। नयाँ शासकका रूपमा उनीहरू आफूलाई स्पष्ट रूपमा आफ्ना पूर्ववर्तीहरूको तुलनामा फरक देखाउन प्रयत्न गर्नेछन् । साथै जनताको खासगरी युवाहरूको आकाङ्क्षा पुरा गर्न आफू थप उन्नत र असल भएको प्रमाणित गर्ने प्रयास गर्नेछन्।

उनीहरूको मूल ध्यान विगतमा दुई मुलुकलाई विभाजित गर्ने राजनीतिक मुद्दाहरूमा भन्दा विकासमा सहकार्य तथा सहयोगमा हुने आशा गर्न सकिन्छ।

चीनका लागि नेपालमा नयाँ शक्तिहरूको उदय सशक्त र एकीकृत कम्युनिस्ट पार्टी निर्माणको प्रयासमा यो एक प्रकारको धक्का हो । अब पूर्ववर्ती सरकार हरूले लागु गराएका ‘बेल्ट एन्ड रोड इनिसिएटिभ’ अन्तर्गतका केही निरर्थक परियोजनाहरूबारे समीक्षा पनि हुनसक्छ।

यद्यपि नयाँ सरकार चीनसँगको सम्बन्ध यथास्तरमै कायम राख्न भने सचेत रहनेछ। रास्वपाका केही नेताहरू अमेरिकामा अध्ययन तथा काम गरेका नेताहरू भएको हुनाले रास्वपाको अगुवाइमा नेपालमा विकसित घटनाक्रमले अमेरिका पनि खुसी हुनेछ।

‘यूएसएआईडी’ बन्द भए पश्चात् नेपालमा अमेरिकी पहुँच उल्लेख्य रूपमा प्रभावित भएको अवस्थामा पनि अमेरिकी प्रायोजनमा रहेको ‘ मिलेनियम च्यालेन्ज कर्पोरेसन’ अन्तर्गतका सडक निर्माण तथा विद्युतीय प्रसारण लाइन निर्माणका कामहरू निरन्तर हुन सक्छन्।

छिमेकमा पछिल्लो समय विकसित घटनाक्रमहरूको परिप्रेक्ष्यमा भारतलाई नवीन दृष्टिकोण एवं ‘टेम्प्लेट’ आवश्यक छ । माल्दिभ्स, श्रीलंका, बंगलादेश र अहिले नेपालमा नाटकीय परिवर्तनहरू देखा परेका छन्। यी घटनाक्रमलाई केवल बढ्दो वैश्विक उथलपुथलसँग मात्रै जोडेर हेर्नु हुँदैन।

ती परिवर्तनहरूले अधैर्य, महत्त्वाकाङ्क्षी, डिजिटल रूपमा आपसमा जोडिएको, सचेत एवं व्यापक एजेन्सीसहितको नयाँ पुस्ताको तागत देखाइरहेका छन् । उनीहरू थप लोकतन्त्र चाहन्छन् । आफ्ना आकाङ्क्षा र व्यापक अवसरहरूबारे जिम्मेवार नेतृत्व चाहन्छन् । उनीहरू आफ्नो अवस्था र निरन्तर प्रगति गरिरहेका अन्य मुलुकहरूबिचको भिन्नता औँल्याइरहेका छन्। साथै आफ्ना नेता र राजनीतिक प्रक्रियामा प्रश्न गर्दैछन्।

भारतले आफ्नो ‘छिमेक पहिलो नीति’ को मुख्य केन्द्रबिन्दुमा युवाहरूलाई राख्न आवश्यक छ । निश्चय पनि हाम्रा सम्बन्धका आधारशिलाको रूपमा ऐतिहासिक र सांस्कृतिक सम्बन्धहरू नै हुन । साथै आगामी दिनमा हेर्दा अब हाम्रो सम्बन्धको सबैभन्दा महत्त्वपूर्ण स्तम्भ आर्थिक पाटो हुनुपर्ने देखिन्छ।(लेखक नेपालका लागि भारतका पूर्व राजदूत हुन् ।)हिन्दुस्तान टाइम्सको नेपाली अनुवाद

# एल्गोरिदम, आक्रोश र कथानक : राजनीति वा भावनाको व्यापार



दीपक न्यौपाने

नेपालको राजनीतिमा भावना, आक्रोश र पीडाको व्यापार भइरहेको छ, जसले नीति र सिद्धान्तलाई ओझेलमा पारेको छ।

भदौ २३ र २४ गते भएका घटनाहरूमा आन्दोलनकारीहरूलाई उत्तेजित पारेर राज्यका संस्थाहरूलाई कमजोर पार्ने प्रयास गरियो।

सामाजिक सञ्जाल र एल्गोरिदमहरूले द्वेष र घृणा फैलाएर मानिसहरूलाई उत्तेजित पारेका थिए, जसले गर्दा ठूलो क्षति भयो।

आजको नेपाली राजनीति हेर्दा एउटा असहज र पेचिलो प्रश्न उठ्छ- के हामी नीति, सिद्धान्त र एजेन्डाको राजनीतिमा छौँ वा भावना, आक्रोश र पीडाको व्यापारमा ? लोकतन्त्रको प्रारम्भिक कालखण्डमा राजनीति विचारको सङ्घर्ष थियो। दलहरूबीच वैचारिक मतभेद हुन्थे, नीतिमा बहस हुन्थ्यो र मतदाताले आफ्नो भविष्यको मार्गचित्र रोज्थे।

तर डिजिटल युगको उदय र सामाजिक सञ्जालको सर्वव्यापी उपस्थितिसँगै राजनीति अब ‘कथानक’मा रूपान्तरित भएको छ। अब जित्ने पक्ष त्यो होइन जसको नीति उत्कृष्ट छ, बरु त्यो हो जसले मान्छेको आदिम भावना, डर, रिस, बदला र पीडालाई सबैभन्दा तीव्र रूपमा ‘ट्रिगर’ गर्न सक्छ।

भदौ २३ र २४ का त्रासदीपूर्ण घटनाहरू यही नयाँ राजनीतिक युगको सबैभन्दा डरलाग्दो ऐना हुन्। तर यो ऐना केवल नेपालको मात्र होइन; यो आजको विश्व राजनीतिमा प्रयोग भइरहेका भावनात्मक विद्रोहका स्क्रिप्टहरूसँग गहिरोसँग जोडिएको छ।

भदौ २३ गतेको आन्दोलन सतहमा हेर्दा भ्रष्टाचारविरुद्धको एउटा स्वतःस्फूर्त नागरिक आवाज जस्तो देखिन्थ्यो। प्लेकार्ड बोकेका युवा, विद्यार्थीका नारा र माइतीघरको माहोल लोकतान्त्रिक र जायज देखिन्थ्यो। तर जब भीड बानेश्वरतर्फ अघि बढ्यो, यसको चरित्र बदलिएको स्पष्ट देखियो। आन्दोलनमा सहभागी अधिकांश युवा साँच्चिकै आक्रोशित थिए- बेरोजगारी, भ्रष्टाचार र अवसरको खडेरीले उनीहरूलाई सडकमा ल्याएको थियो।

> भौतिक संरचना त फेरि बन्लान्, तर गुमेका ज्यानहरु कहिल्यै फर्किंदैनन्। तर एउटा गम्भीर प्रश्न ओझेलमा पारियो- मान्छे किन मरे ? कसले भीड उक्सायो ? कसले आक्रोशलाई आगो बनायो ? यी प्रश्नहरुको कानुनी उत्तर खोज्नुभन्दा पहिले नै सडकबाट फैसला सुनाइयो। प्रधानमन्त्री र गृहमन्त्रीलाई भीडको अदालतमा दोषी ठहर गरियो। यस्तो लोकतन्त्रमा होइन, भीडतन्त्रमा मात्र हुन्छ।

तर ती युवाहरू निर्णयकर्ता थिएनन्; उनीहरू प्रयोगकर्ता मात्र थिए। निर्णय गर्नेहरू पर्दा पछाडिबाट ‘सिन’ नियन्त्रण गरिरहेका थिए। बानेश्वर पुग्दा आन्दोलनले ‘घुसपैठ’को स्वरूप ग्रहण गऱ्यो। अब कुरा सुधारको रहेन, ‘कब्जा’को भयो। संसद् भवन कब्जा गर्ने असंवैधानिक र अराजक सपनालाई क्रान्तिको प्रतीक बनाइयो र यहीँबाट राज्यसँगको प्रत्यक्ष भिडन्तको भयावह स्क्रिप्ट सुरु भयो।

यही मोड सन् २०२२ मा श्रीलङ्कामा देखिएको थियो। कोलम्बोमा सुरु भएको ‘गोटा गो होम’ आन्दोलन भ्रष्टाचार र आर्थिक सङ्कटविरुद्धको जायज आक्रोश थियो। तर, जुलाई ९, २०२२ मा राष्ट्रपति भवन कब्जा गर्ने क्षणदेखि आन्दोलन नागरिक प्रतिरोधबाट राज्यविहीन अराजकतातर्फ मोडियो। अन्ततः सरकार ढल्यो, तर आर्थिक स्थिरता आएन बरु मुलुक झन् गहिरो ऋण र अन्तर्राष्ट्रिय वित्तीय नियन्त्रणको घेराबन्दीमा फस्यो। नेपालको भदौ २३ को प्रयास पनि ठीक त्यही शैलीमा राज्यका संस्थाहरूलाई पङ्गु बनाउने उद्देश्यबाट प्रेरित देखिन्छ।

भदौ २३ गते प्रहरीमाथि गरिएको आक्रमण र संसद् भवनमा आन्दोलनकारी पस्दा राज्यको सुरक्षा संयन्त्र प्रतिकार गर्न बाध्य भयो। गोली चल्यो, २१ जनाको ज्यान गयो। तर प्रश्न केवल ‘गोली किन चल्यो ?’ भन्ने मात्र होइन। मुख्य प्रश्न हो- के यो टकराव अपरिहार्य बनाइएको थियो ? गोली चल्ने बित्तिकै तत्कालै अर्को कथा फैलाइयो- ‘अन्यत्रबाट पनि गोली चल्यो।’ कसले चलायो र किन चलायो भन्ने प्रश्नहरू पुष्टि गर्नभन्दा पनि अनिश्चितता फैलाउन प्रयोग गरिए। सूचना भीडलाई शान्त पार्न होइन, झन् उत्तेजित बनाउन हतियारका रूपमा प्रयोग गरियो।

यही रणनीति सन् २०१३ पछि बङ्गलादेशमा बारम्बार देखियो। विशेष गरी २०१३ को ‘शाहबाग’ आन्दोलन र पछिल्ला वर्षहरूमा भएका विभिन्न विद्यार्थी आन्दोलनहरूमा गोली कसले चलायो भन्ने सत्यभन्दा ‘राज्य हत्यारा हो’ भन्ने फ्रेमलाई यति तीव्र बनाइयो कि त्यसले अन्ततः सैन्य-नागरिक सन्तुलन नै बिगारिदियो। नेपालमा पनि भदौ २३ पछि ठ्याक्कै त्यही ‘फ्रेमिङ’ गरेर सुरक्षा निकायलाई हतोत्साहित पार्ने र जनतालाई राज्यविरुद्ध विद्रोही बनाउने काम गरियो।

भदौ २४ गते नेपालको आधुनिक इतिहासकै एक कालो दिन बन्यो। ६० अर्बभन्दा बढीको भौतिक क्षति, ५४ जनाको मृत्यु र सडकमा राज्यको उपस्थितिको अभाव। तर भौतिक क्षतिभन्दा ठूलो क्षति मनोवैज्ञानिक स्तरमा भइरहेको थियो। सामाजिक सञ्जालका एल्गोरिदमहरूले आगोमा घिउ थपे। सिलिकन भ्यालीका फर्मुलाहरूले सधैँ द्वेष, घृणा र चरम भावुकतालाई प्राथमिकता दिन्छन् किनकि ‘इंगेजमेन्ट’ नै उनीहरूको मुनाफाको मूल आधार हो। ‘तपाईंको सन्तान मरेको भए के हुन्थ्यो ?’ जस्ता मानसिक ट्रिगरहरूले तथ्य र तर्कलाई पूर्णतः विस्थापित गरिदिए।

भौतिक संरचना त फेरि बन्लान्, तर गुमेका ज्यानहरू कहिल्यै फर्किंदैनन्। तर एउटा गम्भीर प्रश्न ओझेलमा पारियो- मान्छे किन मरे ? कसले भीड उक्सायो ? कसले आक्रोशलाई आगो बनायो ?

यही एल्गोरिदमको खेल सन् २०२२ को अन्त्यतिर इरानमा ‘माहसा अमिनी’को मृत्युपछिको आन्दोलनमा व्यापक प्रयोग भएको थियो। न्याय र अधिकारका जायज मुद्दाहरूलाई भावनात्मक क्लिप, अधुरो भिडियो र ट्रिगर वाक्यांशमार्फत यति चरम बनाइयो कि वार्ताको कुनै ठाउँ नै बाँकी रहेन। परिणामस्वरूप राज्य झन् कठोर भयो, आन्दोलन दमनमा पऱ्यो र वास्तविक सुधारको ठाउँ सधैँका लागि साँघुरियो। भदौ २४ मा नेपालमा भएको आगजनी र लुटपाट पनि त्यही एल्गोरिदमले उब्जाएको अन्ध-आक्रोशको परिणाम थियो।

भौतिक संरचना त फेरि बन्लान्, तर गुमेका ज्यानहरू कहिल्यै फर्किंदैनन्। तर एउटा गम्भीर प्रश्न ओझेलमा पारियो- मान्छे किन मरे ? कसले भीड उक्सायो ? कसले आक्रोशलाई आगो बनायो ? यी प्रश्नहरूको कानुनी उत्तर खोज्नुभन्दा पहिले नै सडकबाट फैसला सुनाइयो। प्रधानमन्त्री र गृहमन्त्रीलाई भीडको अदालतमा दोषी ठहर गरियो। यस्तो लोकतन्त्रमा होइन, भीडतन्त्रमा मात्र हुन्छ। बुल्गेरियामा सन् २०१३ देखि २०२० को बीचमा ठ्याक्कै यही नियति दोहोरिएको थियो। भ्रष्टाचारविरुद्धको आन्दोलन भावनात्मक उचाइमा पुग्दा त्यहाँ संस्थागत सुधार होइन, केवल राजनीतिक अस्थिरता मात्र आयो। पाँच वर्षमा सात पटक सरकार फेरिए, तर भ्रष्टाचार र बेथिति भने ज्युँका त्युँ रहे।

यी सबै अराजकता र आक्रोशको एउटा निश्चित राजनीतिक गन्तव्य देखिन्छ- फागुन २१ को निर्वाचन। भावनालाई मतमा बदल्ने, राज्यलाई अपराधी प्रमाणित गर्ने र आफूलाई एक मात्र ‘उद्धारकर्ता’का रूपमा उभ्याउने यो खेल अत्यन्तै रणनीतिक छ। माडागास्करमा सन् २००९ को राजनीतिक सङ्कटको बेला यही अभ्यास गरिएको थियो। त्यहाँ भावनात्मक विद्रोहको बलमा सरकार त ढल्यो र चुनाव पनि आयो, तर त्यसले देशलाई दशकौँसम्म राजनीतिक सङ्क्रमण र आर्थिक मन्दीको दुष्चक्रमा फसायो। नेपालमा पनि अहिले जेनजीका आदर्शवादी युवाहरू सडक र अस्पतालमा बलिदान भइरहँदा, आन्दोलन ‘हाइज्याक’ गर्ने पात्रहरू भने सत्ताको सिँढी चढ्ने दाउमा छन्। यो विश्वव्यापी ट्रेन्ड हो– आदर्शवादीहरू बलिदानमा होमिने र रणनीतिक खेलाडीहरू सत्तारोहणमा पुग्ने।

जब राज्यका संस्थामाथिको विश्वास नियोजित रूपमा भत्काइन्छ र भीड नै न्यायाधीश बन्न खोज्छ, त्यसपछि विदेशी हस्तक्षेप ‘सहयोग’को नाममा प्रवेश गर्छ। इतिहासले यही देखाएको छ। यो लेख कुनै सरकारको प्रतिरक्षा होइन र कुनै आन्दोलनको निन्दा पनि होइन। यो त केवल भावनालाई हतियार बनाएर देशलाई अस्थिर बनाउने राजनीतिक अभ्यासविरुद्धको चेतावनी हो।अब प्रश्न हामी सबैलाई हो- के हामी एल्गोरिदमले बुनेको कथानकको गोटी बनिरहने ? कि यथार्थको गहिराइ बुझेर विवेकपूर्ण निर्णय गर्ने ?रातोपाटी

# ग्यास र सवारी इन्धनको कृत्रिम अभाव सिर्जना गर्नेलाई कारबाही गरिने




काठमाण्डु । काठमाडौं महानगरपालिकाले खाना पकाउने ग्यास र सवारीसाधनमा प्रयोग हुने इन्धनको कृत्रिम अभाव सिर्जना गर्ने तथा कालोबजारी गर्नेलाई कारबाही गरिने जनाएको छ।

ग्यास हुँदाहुँदै छैन भनेर ग्राहकलाई नदिने, अब ग्यास पाइँदैन भनेर धेरै मूल्य लिने, इन्धन डिपोहरूमा तेल मौज्दात हुँदाहुँदै छैन भनेर उपभोक्तालाई फर्काउने गरिएको गुनासो आउन थालेपछि महानगरले निगरानी संयन्त्र सक्रिय बनाएको कामपाका प्रशासन विभागका प्रमुख महेश काफ्लेले जानकारी दिनुभयो । काफ्लेले भन्नुभयो, "ग्यास छैन भन्ने गलत सूचना प्रवाह गरेर मूल्य बढी लिने तथा सर्वसाधारणको जनजीवनमा असहज परिस्थिति सिर्जना गर्नेमाथि कारबाही गर्नेछौं। नेपाल आयल निगमले ग्यासको मूल्य आधा सिलिन्डर रु ९५५ तोकेको छ। यही मूल्यमा खरिदबिक्री गर्न व्यवसायी र उपभोक्तामा हाम्रो अनुरोध छ।"

ग्यास अभाव हुने आशङ्कामा उपभोक्ताले बढी भण्डारण गर्ने गरेकाले पनि बजारमा अभाव देखिएको उहाँको भनाइ छ। यसरी ग्यास सञ्चिति गर्न थालियो भने माग र आपूर्तिको चक्रमा असर पुग्छ । यसकारण उपभोक्ताले पनि जिम्मेवारपूर्वक ग्यास माग गर्नुपर्छ", काफ्लेले भन्नुभयो, "सहज जनजीविकाका लागि उपभोक्ता, उद्योग तथा वाणिज्य क्षेत्र र सरकार सबैको समान दायित्व छ । आआफ्ना दायित्व सबैले पूरा गनुपर्छ ।"पेट्रोल पम्पहरूले पनि आफूसँग मौज्दात इन्धन भएर पनि छैन भनी सवारीसाधनलाई उपलब्ध नगराउने सूचना पाइएको जनाउँदै उहाँले यसमा महानगरले निगरानी थालेको बताउनुभयो।

ग्यास र इन्धन अभाव सिर्जना गर्ने क्रियाकलाप देखेमा तथ्यमा आधारित विवरण महानगरपालिकाका 'हटलाइन नम्बर' ११८० मा टिपाउन सकिने व्यवस्था मिलाइएको छ । यसरी प्राप्त विवरणका आधारमा कामपाले निगरानी गर्नेछ । ग्यास बिक्रेता महासङ्घ, नेपालका अध्यक्ष ज्ञानेश्वर अर्यालका अनुसार भारतबाट आउने ग्यास अहिलेसम्म नियमित छ । उहाँले सञ्चितिका लागि माग नगर्न उपभोक्तासँग आग्रह गर्नुभयो ।रासस

## इथानोल मिश्रित पेट्रोलः

# ऊर्जा आयात घटाउने र रोजगारी बढाउने नीति लागू

काठमाण्डु।सरकारलेपेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने नयाँ नीति कार्यान्वयनमा ल्याएको छ। मन्त्रिपरिषद्ले जारी गरेको 'पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, २०८२' शुक्रबार राजपत्रमा प्रकाशित भएको छ।

यो आदेशमार्फत स्वदेशी कच्चापदार्थमा आधारित उद्योग प्रवर्द्धन, रोजगारी सिर्जना, कृषि तथा जैविक स्रोतको उपयोग बढाउने र ऊर्जा क्षेत्रमा आयातमा निर्भरता घटाउने सरकारको लक्ष्य छ। आदेशअनुसार नेपाल आयल निगमले उपलब्धताअनुसार प्रति लिटर पेट्रोलमा अधिकतम १० प्रतिशतसम्म इथानोल मिश्रण गर्नुपर्नेछ । आवश्यकताअनुसार मन्त्रिपरिषद्ले यो अनुपात घटबढ गर्न सक्ने व्यवस्था पनि आदेशमा गरिएको छ।

इथानोल उत्पादनका लागि प्रयोग गर्न सकिने कच्चापदार्थमा मोलासेस, नेपियर घाँस, खेर जाने कृषि तथा वनजन्य जैविक पदार्थ, पराल, मकैको ढोड, गहुँको छ्वाली, सिमल तरुल (कास्साभा), सडेगलेको अन्न, मर्चा (यिस्ट) र अन्य आवश्यक रसायन समावेश छन् । खाद्यान्नको दुरुपयोग रोक्नका लागि खाद्यान्नका रूपमा प्रयोग हुने




अन्न इथानोल उत्पादनमा प्रयोग गर्न नपाइने व्यवस्था पनि गरिएको छ।

उद्योगहरूले प्रचलित कानुन अनुसार तोकिएका कच्चापदार्थबाट मात्र उत्पादन गर्नुपर्नेछ र उत्पादन गरिएको इथानोल नेपाल आयल निगमलाई मात्र बिक्री वितरण गर्नुपर्नेछ । यसले बजारलाई नियन्त्रित गर्दै इथानोलकोप्रयोगपेट्रोलमामिश्रणसम्म सीमित गर्ने नीति स्पष्ट गर्दछ ।उद्योगहरूले उत्पादन प्रक्रियामा वातावरणमैत्री उपाय अपनाउनुपर्ने, गुणस्तर मापदण्ड कायम गर्नुपर्ने र गुणस्तर परीक्षणको जिम्मेवारी आफ्नै प्रयोगशालाबाट गर्नुपर्ने आदेशमा उल्लेख छ। निगमले पनि प्रत्येक ट्याङ्करको गुणस्तर परीक्षण गरेर मात्र खरिद गर्नेछ।

इथानोलको मूल्य निर्धारण सरकारद्वारा सिफारिस समितिको सुझावमा प्रत्येक आर्थिक वर्ष सुरु हुनु अघि हुने छ। मूल्य निर्धारण नहुँदा अघिल्लो वर्षको मूल्य कायम रहनेछ । निर्धारित मूल्य प्रत्येक वर्ष साउन १ गतेदेखि लागू हुनेछ ।नेपाल आयल निगमले इथानोल खरिदका लागि उद्योगसँग सम्झौता गर्नुपर्नेछर उद्योगले दैनिक आवश्यक परिमाण, तोकिएको स्थान र समयमा इथानोल उपलब्ध गराउनुपर्नेछ। उद्योगले सम्झौतामा उल्लङ्घन गरेमा प्रचलित कानुन अनुसार क्षतिपूर्ति माग गर्न सकिने व्यवस्था गरिएको छ।

इथानोल ढुवानीको जिम्मेवारी उद्योगलाई दिइएको छ। अत्यधिक ज्वलनशील र पानी अवशोषण गर्ने प्रकृतिको इथानोल ढुवानी गर्दा उच्च सुरक्षा मापदण्ड अपनाउनुपर्ने आदेशमा उल्लेख गरिएको छ। मन्त्रालयले सुरक्षित भण्डारण, मिश्रण र ढुवानीका लागि मापदण्ड तयार गरी लागू गर्नेछ।सरकारले इथानोल मूल्य निर्धारण र उद्योगलाई सुविधा दिने सिफारिसका लागि समिति गठन गरेको छ। समितिको संयोजक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव हुनेछन् भने अर्थ, कृषि, गुणस्तर तथा नापतौल विभाग, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र नेपाल आयल निगमका प्रतिनिधि सदस्य रहनेछन्।

आदेशअनुसार समितिले कच्चापदार्थ लागत, कर छुट, सुविधा, राष्ट्रिय प्राथमिकता उद्योग मान्यता, उपकरण आयातमा कर छुट, कृषक र कृषि सहकारीलाई मल/बिज/विद्युत् महसुलमा सहुलियतलगायत विषयमा सिफारिस गर्नेछ।यो नीति कार्यान्वयनबाट कृषि अवशेष र जैविक स्रोतको उपयोग बढाउने, नयाँ उद्योग स्थापना गर्ने र ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्ने अपेक्षा गरिएको छ । यसको कार्यान्वयनको प्रभावकारिता भने उद्योगको क्षमता, कच्चापदार्थको उपलब्धता तथा सरकारको नियमनमा निर्भर हुनेछ ।रासस

## एमालेले छान्यो समानुपातिक सांसद



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले समानुपातिकतर्फ १६ जना सांसद चयन गरेको छ। शनिबार भएको एमालेको केन्द्रीय सचिवालय बैठकले आदिवासी जनजातिबाट भूमिका सुब्बा, गङ्गादेवी श्रेष्ठ, रामबहादुर थापामगर र कुलभक्त शाक्यलाई चयन गरेको छ ।उपमहासचिव लेखराज भट्टका अनुसार खस आर्यतर्फ पद्मा अर्याल, टुकाभद्र हमाल, यशुदा कुमारी बराल, गुरुप्रसाद बराल र पुष्पराज कँडेललाई चयन गरिएको छ।

यसैगरी, थारु समुदायबाट कृपाराम राना, दलित समुदायबाट विष्णुमाया विक र नीता घतानी तथा मधेसी समुदायबाट रिङ्ला यादव, यशोधा कुमारी यादव र चन्द्रेश्वर मण्डल छनोट हुनुभएको छ। मुस्लिम समुदायबाट साजिदा सिद्दीकीलाई चयन गरिएको छ ।बैठकले पार्टी अध्यक्ष केपी शर्मा ओलीका पिता मोहनप्रसाद ओलीको निधनप्रति दुःख व्यक्त शोक सन्तप्त परिवारजनमा समावेदना प्रकट गरेको छ ।रासस

# 'विदेशमा सिकेको सीप र ज्ञान मातृभूमिको उन्नयनका निम्ति उपयोग गर्नुपर्छ'

काठमाण्डु। परराष्ट्रमन्त्री बालानन्द शर्माले प्रवासमा हासिल गरेको ज्ञान, सीप र अनुभव मातृभूमिको उन्नयनका निम्ति उपयोग गर्नुपर्नेमा जोड दिनुभएको छ।

गैरआवासीय नेपाली सङ्घको १२औं विश्व सम्मेलनको शनिबार शुभारम्भ गर्दै उहाँले र प्रवासी नेपालीलाई मुलुकको आर्थिक, सामाजिक विकासमा साझेदार हुन आह्वान गर्नुभयो ।

प्रविधिका कारण विकास तीव्र रुपमा अगाडि बढिरहेको बताउँदै उहाँले अन्तरराष्ट्रिय तहमा शक्ति सन्तुलनमा फेरबदल आएकाले देशको भूराजनीतिक सम्बन्ध तथा सौम्य शक्ति वृद्धि गर्न सङ्घले सेतुको काम गर्नुपर्नेमा जोड दिनुभयो। नेपालका सांस्कृतिक दूतका रुपमा गैरआवासीय नेपालीले पारस्परिक विश्वास अगाडि बढाएर नेपाली माटोमा योगदान पुऱ्याउने विचार व्यक्त गर्दै उहाँले सङ्घको संरक्षण तथा प्रवर्द्धनका लागि सरकारले आवश्यक ऐन परिमार्जन गर्ने जानकारी दिनुभयो।



फरक प्रसङ्गमा उहाँले अन्तरराष्ट्रिय तहमा भएका द्वन्द्वका कारण त्यहाँस्थित नेपालीको सुरक्षाप्रति सरकार संवेदनशील रहेको बताउँदै आपतकालीन अवस्थामा उनीहरुलाई सहयोगका लागि परराष्ट्र मन्त्रालयका साथै सम्बन्धित मुलुकस्थित नेपाली नियोगमार्फत उद्धार उडान पनि सञ्चालन गरेको जानकारी दिनुभयो ।सङ्घका कार्यकारी अध्यक्ष बद्री केसीले नेपालमा लगानी भित्र्याउनेतर्फ आफूहरू क्रियाशील रहेको बताउँदै गैरआवासीय नेपालीको अधिकार संरक्षण गर्न संस्था प्रतिबद्ध रहेको दोहोर्याउनुभयो ।रासस

# पूर्वप्राज्ञ खालिङलाई मरणोपरान्त आदर्श नागरिक सम्मान

बिर्तामोड । पूर्वप्राज्ञ स्वर्गीय दान खालिङलाई मरणोपरान्त 'पूर्णटुङ्ग आदर्श नागरिक सम्मान-२०८२' प्रदान गरिएको छ। जय नेपाल प्रतिभा प्रोत्साहन पुरस्कारद्वारा आयोजित कार्यक्रममा उहाँलाई रु एक लाख ११ हजार १११ राशिसहितको सम्मान प्रदान गरिएको हो।

कार्यक्रममा बिर्तामोडस्थित लिटल फ्लावर आवासीय स्कुलले रु एक लाख ११ हजार १११ तथा टावर टेम्पल बोर्डिङ स्कुलले रु २५ हजार नगदसहित स्व खालिङप्रति सम्मान व्यक्त गरेका हुन्। सो सम्मान खालिङ परिवारका तर्फबाट उहाँका भतिज नवीन खालिङ, भतिजी नाओमी खालिङ र भतिजबुहारी निता खालिङले ग्रहण गर्नुभयो।

कार्यक्रममा वरिष्ठ सञ्चारकर्मी, नेपाल पत्रकार महासङ्घ संस्थापक महासचिव चन्द्र भण्डारीले स्व खालिङ नेपाली साहित्यका विशिष्ट स्रष्टा भएको उल्लेख गर्दै उहाँले दार्जिलिङमा जन्मिएर पनि




नेपालमा रहेर साहित्य, भाषा तथा सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउनुभएको स्मरण गर्नुभयो । उहाँले खालिङको जीवनी, साहित्यिक सिर्जना र झापा जिल्लामा पुऱ्याउनुभएको योगदान स्मरणीय रहेको चर्चा गर्नुभयो।

प्रतिष्ठानका संस्थापक गोपाल बस्नेत, श्याम बस्नेत र जितेन्द्र बस्नेतले खालिङपरिवारलाई सम्मान हस्तान्तरण गर्नुभएको थियो । शिक्षासेवी राजेश खड्काको प्रमुख आतिथ्यतामा कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रममा सहभागीले स्व खालिङले नेपाली साहित्य र समाजमा पुऱ्याउनुभएको योगदान दीर्घकालसम्म स्मरणीय रहने धारणा व्यक्त गर्नुभयो। यो पुरस्कार २०८० मा महजोडी हरिवंश आचार्य र मदनकृष्ण श्रेष्ठलाई संयुक्त रूपमा प्रदान गरिएको थियो। पूर्वप्राज्ञ खालिङ झापाको बिर्तामोडमा रहेर लामो समय शैक्षिक अभियान र साहित्यिक लेखनमा सक्रिय हुनुहुन्थ्यो ।रासस

# बहुपक्षीय सहकार्य विस्तारमा नेपालको जोड

काठमाण्डु । अल्पविकसित मुलुक समूहका अध्यक्ष तथा संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाले बहुपक्षीय सहकार्यलाई अघि बढाउन तथा विकासका दृष्टिले सबैभन्दा पछाडि परेका देशहरूका लागि विकास उपलब्धि सुनिश्चित गर्न संयुक्त राष्ट्रसङ्घ अपरिहार्य रहेको बताउनुभएको छ।

न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगका अनुसार राजदूत थापाले कार्यादेश कार्यान्वयन समीक्षासम्बन्धी अनौपचारिक तदर्थ कार्यसमूहका सहअध्यक्षहरूसँग आयोजित राजदूतस्तरीय बैठकमा उहाँले उक्त धारणा व्यक्त गर्नुभएको हो।

बैठकमा उहाँले कार्यादेश कार्यान्वयन प्रक्रियाप्रति अल्पविकसित मुलुक समूहको पूर्ण समर्थन रहेको पुनः दोहोर्याउँदै संयुक्त राष्ट्रसङ्घभित्र गरिने सुधारहरूले यसको



विकाससम्बन्धी स्तम्भलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिनुभएको थियो ।राजदूत थापाले पर्याप्त स्रोतसाधन सुनिश्चित गर्न तथा कार्यादेशका प्रभावकारी कार्यान्वयन गर्न तथा अल्पविकसित मुलुकहरूका लागि मापनयोग्य उपलब्धि हासिल गर्न आवश्यक भएको बताउनुभयो।

उहाँले अल्पविकसित मुलुक, विकासशील मुलुक तथा साना विकासशील टापु राष्ट्रहरूका लागि संयुक्त राष्ट्रसङ्घीय उच्च प्रतिनिधिको कार्यालयले दोहा कार्ययोजना कार्यान्वयनलाई अघि बढाउन तथा विश्वका सबैभन्दा कमजोर राष्ट्रहरूको विकास प्राथमिकतालाई प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेकामा त्यसको सराहना गर्नुएको उक्त नियोगले जनाएको छ ।रासस


## Nagarain Municipality
### Office of the Municipal Executive
### Nagarain, Dhanusha
### Madhesh Province, Nepal

## Invitation for Electronic Sealed Quotation

**First Date of Publication: 2082/12/01**

1. The Nagarain Municipality, Office of the Municipal Executive invites Electronic Sealed Quotation for :

| S. N. | Contract Identification No. | Description of Works | Estimated Amount (Excl. of VAT) (NRs.) | Bid Security Amount (NRs.) | Bid document Cost (NRs.) (Non-Refundable) |
|---|---|---|---|---|---|
| 1. | NM/Health/Goods/SQ/01/2082/83 | Supply & Delivery of Medicine Drugs | 30,64,940.00 | 80,000.00 | 1,000.00 |

2. Eligible Bidders may obtain further information at Nagarain Municipality, Office of the Municipal Executive, Nagarain, Dhanusha or may visit PPMO's e-GP system i.e www.bopatra.gov.np/egp
3. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
4. Only medicines produced by WHO GMP certified companies and surgical items produced by ISO certified companies shall be acceptable.
5. Each package of the supplied medicines/surgical items must clearly mention "For Free Distribution."

**Chief Administrative Officer**



## श्री शंकर जनता माध्यमिक विद्यालय
### चक्कर, धनुषा

## टेण्डर सूचना

**प्रकाशित मितिः २०८२/११/२९ गते**

यम विद्यालयको वि. व्य. स. को मिति २०८२/११/२७ गते को निर्णय अनुसार साविकः जि. धनुषा गा.वि.स. चकर वडा नं. २ को चक्करदय पोखरी -१ र एजन मा पर्ने पोसनाही पोखरी १ हाल औरही गा.पा.-५ मा पर्ने पोसनाही -१ र वडा नं. ६ मा पर्ने चक्करदय पोखरी -१ समेत दुई पोखरीहरु माछा पालनको लागि टेण्डर लगाउनु पर्ने भएकोले टेण्डर स्वीकृत भएको मितिले ४ वर्ष को लागि तपसिलका शर्तहरुको अधिनमा रहि पोखरीहरुका डील बाहेक जलाशय माछापालनको लागि ठेक्का लगाउनु पर्ने हुँदा इच्छुक नेपाली नागरिकहरुको लागी मिति २०८२/१२/१५ गते आइतवारका दिन सिलबन्दी टेण्डर आह्वान गरिएको छ।

**तपसिल शर्तहरूः**

१. टेण्डर फारम विद्यालयवाट रु १००/- अक्षरेपी एक सय मात्र तिगरी प्राप्त गर्न सकिन्छ।
२. टेण्डर साथ आफूले कबुल गरेकी जम्मा रकमका ५% रकम सिलवन्दी खाममा राखी वा यस विद्यालयको सनराइज बैंक लि. को च.हि.न. ०८००७१५८६५७०१००१ मा जम्मा गरेको सक्कल भाउचर दरखास्त माथ पेश गर्नु पर्नेछ। साथै अर्नेष्ट मनी अन्तिम किस्तामा मिनाहा गर्नेछ।
३. पोखरीहरुको पानी र माछाको सम्पूर्ण जिम्मेवारी पोखरी ठेकेदारको हुनेछ।
४. टेण्डर फारममा रकम (आफूले कबुल गरेको) अंक र अक्षरमा केरमेट नगरी स्पष्ट लेनुपर्ने छ।
५. किस्ता रकम प्रत्येक वर्षको मंसिर र जेष्ठ मसान्त सम्म चुक्ता गर्नुपर्ने छ।
६. विद्यालयको पछिल्नो कुनै रकम बक्यौता राख्ने व्यक्ति वा ठेकेदारको टेण्डर मान्य हुने छैन।
७. टेण्डर दिने अन्तिम मिति २०८२/१२/१५ गते आइतवार दिनको २:०० वजे भित्रमा विद्यालयमा बुझाउनुपर्ने र सोही दिनको २:१५ बजे विद्यालय प्राङ्गनमा टेण्डरदाताको प्रतिनिधि, सुरक्षा निकाय, औरही गा.पा. धनुषाको प्रतिनिधि र अन्य महानुभावहरुको समक्ष टेण्डर खोलिने छ। साथै टेण्डरदाता वा टेण्डरदाताको प्रतिनिधि उपस्थित नरहे पनि टेण्डर खोलिने कार्य रोकिने छैन।
८. स्वीकृत टेण्डरदारले (ठेकेदार) टेण्डर स्वीकृतिको सूचना पाएको मितिले ७ दिन भित्रमा स्वीकृत टेण्डरदाताले कबुलियत गर्नुपर्ने छ।
९. स्वीकृत टेण्डरदारले (ठेकेदार) टेण्डर स्वीकृतीका सूचना पाएको मितिले १५ दिन भित्र धनजमानी को प्रक्रिया अवलम्बन गरी मालपोत कार्यालय वा सम्बन्धित गा.पा. बाट मूल्याङ्कन गराई जग्गा मालपोत कार्यालय, धनुषाबाट विद्यालयको नाममा रोक्का गराउनुपर्नेछ। र सो वापतको आवत-जावत खर्च स्वीकृत टेण्डरदारले स्वयं गर्नुपर्नेछ।
१०. कबुल गरी ठेक्का नलिएमा अर्नेष्ट मनि फिर्ता हुने छैन।
११. टेण्डर रकम रु ७६,५१,००५/- अक्षरेपी छिहत्तर लाख एकावन्न हजार पाँच मात्र भन्दा कम रकमको टेण्डर मान्य हुने छैन। टेण्डर स्वीकृत गर्ने या नगर्ने अधिकार विद्यालयमा सुरक्षित रहनेछ। साथै समयको घटबढ विद्यालयले गर्न सकिने छ।
१२. विशेष जानकारीको लागि विद्यालयमा सम्पर्क गर्न सकिने छ।
१३. रीत नपुगेको टेण्डर मान्य हुने छैन।
१४. टेण्डर स्वीकृत भएको मितिले १५ दिन भित्र चलन पूर्वी लिनु पर्नेछ।
१५. विद्यालयलाई चक्करदय पोखरी र पोसनाही पोखरीको सौन्दर्यकरण गर्नको लागि घाट निर्माण वा अन्य कार्य गर्नुपर्दा उक्त पोखरीको पानी निकाल्नु परेमा सम्बन्धित ठेकेदारले कुनै वाधा विरोध गर्न पाउने छैन।
१६. चक्करदय र पोसनाही पोखरीलाई जीर्णाधार गर्नु पर्दा केहीं महिना बिलम्ब हुन सक्ने भएकोले कार्यक्रम समापन भएको मिति देखि ठेक्का अवधि गणना हुने र चलन भोग चिठी प्राप्त हुनेछ।

**प्रधानाध्यापक**

## इरानको मुख्य तेल टापुका 'हरेक सैन्य ठेगानालाई पूरै नष्ट गरिएको' ट्रम्पको भनाइ

बीबीसी

काठमाण्डु । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले अमेरिकाले इरानको खार्ग द्वीपमा अवस्थित हरेक सैन्य ठेगानाहरूलाई "पूरै नष्ट गरेको" बताएका छन्।

सामाजिक सञ्जाल 'ट्रूथ सोशल'मा उनले "अमेरिकाको सेन्ट्रल कमान्डले मध्यपूर्वको इतिहासकै शक्तिशालीमध्येको कारबाही पूरा गरेको र उक्त द्वीपमा रहेका हरेक सैन्य ठेगानालाई पूरै नष्ट गरिएको" उल्लेख गरेका हुन्। "मैले उक्त द्वीपको तेलसम्बन्धी संरचनाहरूलाई नष्ट नगर्ने बाटो लिएको छु। तर यदि इरान वा अन्य कसैले होर्मुज स्ट्रेटको माध्यम भएर हुने जहाजहरूको स्वतन्त्र र सुरक्षित आवतजावतमा हस्तक्षेप गर्छ भने म तुरुन्त मेरो निर्णयमा पुनर्विचार गर्नेछु।"

उनले इरानलाई हतियार बिसाउन र "आफ्नो देशका बचेखुचेका कुराहरूलाई जोगाउन" पनि भनेका छन्। "जुन धेरै छैन," ट्रम्पले लेखेका छन्। बीबीसीका पत्रकार माइकी केका अनुसार उक्त द्वीप इरानको लगभग ९० प्रतिशत तेल निर्यातको केन्द्र हो र तेहरानको अर्थव्यवस्थाका निम्ति यसलाई जीवनरेखा मानिन्छ। खाडीको उत्तरी हिस्सामा अवस्थित उक्त द्वीप सानो तर रणनीतिक स्थान हो, जुन इरानी तटबाट २२ माइलको दूरीमा छ। अमेरिकी सेनाले उक्त द्वीप नियन्त्रणमा लिने कोसिस गर्न सक्ने अड्कलबाजी पनि व्यापक छ किनकि त्यसो गर्दा इरानको तेल निर्यात रोक्न मद्दत पुग्ने मात्र नभई मुख्य भूमिविरुद्ध हमला गर्न उपयोगी स्थल पनि प्राप्त हुन्छ। प्रतिक्रियामा इरानले पनि आफ्नो तेल तथा ऊर्जा संरचनाहरूमाथि गरिने कुनै पनि हमलाले उक्त क्षेत्रमा अमेरिकासँगको सहकार्यमा काम गर्ने तेल कम्पनीका ऊर्जा संरचनामा हमला निम्त्याउन सक्ने बताएको इरानी सञ्चारमाध्यमहरूलाई उद्धृत गर्दै समाचारसंस्था रोएटर्सले जनाएको छ। ट्रम्पको भनाइ आउनुअघि दुई अमेरिकी अधिकारीहरूले बीबीसीको साझेदार सीबीएस न्यूजलाई अमेरिकाले मध्यपूर्वमा नौसेनाको एक एकाइ र थप युद्धपोत पठाउने ठानिएको बताएका थिए।

उक्त योजनाको आधिकारिक पुष्टि भएको छैन तर समुद्रबाट जमिनमा हमला गर्न सक्षम हुने उक्त एकाइ सामान्तयः केही युद्धपोतमा तैनाथ लगभग ५,००० नौसैनिक र जहाजी कामदारहरू मिलाएर बनाइएको हुन्छ। हाम्रा कूटनीतिक संवाददाताहरूका अनुसार प्राप्त विवरणहरूले वाशिङ्टनले इरानविरुद्धको युद्धमा विकल्पका विस्तृत श्रृङ्खलाहरूबारे विचार गरिरहेको सङ्केत गरेको बताइरहँदा बीबीसीले यसबारे बुझ्न अमेरिकी सेना र पेन्टागनसँग सम्पर्क गरेको छ।




यूके मरिटाइम ट्रेड अपरेशन्स (यूकेएमटीओ) र मरिटाइम गुप्तचर कम्पनी भ्यानगार्डको शुक्रवारसम्मका विवरणअनुसार दुई दिनयता मात्रै पानीजहाजमाथि आक्रमणका छ वटा घटना भएका छन्। योसँगै युद्ध आरम्भ भएयता त्यस्ता घटनाको सङ्ख्या १८ पुगेको छ। यी घटनाक्रमका माझ इरान र हिज्बुल्लाहले इजरेलमाथि संयुक्त हमला गरेको विवरण आएको छ।

त्यसको प्रत्युत्तरमा इजरेलले पनि लेबनन र इरानका कतिपय ठेगानहरूमा केही चरणमा हवाई हमला गरेको छायसैबीच यूएईले देशको हवाई सुरक्षा प्रणालीले हवाई हमला रोकेका तथा विस्फोटन र हमलाका झुटा भिडिओ क्लिपहरू प्रकाशित गर्ने १० जनालाई पक्राउ गर्ने आदेश दिएको त्यहाँको सरकारी सञ्चारमाध्यमले जनाएको छ।

# ड्रोन हमला गरिएको यूएईको बन्दरगाह मध्यपूर्वकै सबभन्दा विशाल तेल भण्डार केन्द्रमध्ये एक

बीबीसी

काठमाण्डु । अमेरिकाले इरानको खार्ग द्वीपमा भीषण हमला गरेलगत्तै इरानले संयुक्त अरब इमिरेट्स (यूएई)को फुजाइरा बन्दरगाहमा ड्रोन हमला गरेको छायूएईका अधिकारीहरूले त्यहाँ लागेको आगो निभाउने कार्य भइरहेको जनाएका छन्। उनीहरूले हवाई प्रतिरोध प्रणालीले नष्ट गरेको ड्रोन खस्दा आगलागी भएको बताएका छन्।दुबईस्थित बीबीसी संवाददाता नीक बिकका अनुसार उक्त बन्दरगाह यूएईको निम्ति अत्यन्त महत्त्वपूर्ण स्थान हो भने मध्येपूर्वकै सबभन्दा विशाल तेल भण्डार केन्द्रहरूमध्ये एक हो।

साथै पानीजहाजहरूमा इन्धन भर्नका निम्ति पनि यो महत्त्वपूर्ण स्थल हो।

फुजाइरा बन्दरगाह ओमानको खाडीमा पर्छ नकि पर्सिअन खाडीमा। त्यसकारण त्यहाँ पुग्न पानीजहाजहरूलाई होर्मुज स्ट्रेट पार गर्नु पर्दैन - जुन जलक्षेत्रमा युद्ध सुरु भएको दुई सातायता पानीजहाजको आवतजावत लगभग बन्द छ। ड्रोन हमलापछि अनलाइनमा देखिएका फुटेजमा यूएईको पूर्वी तटमा रहेको उक्त पूर्वाधार परिसरबाट बाक्लो धुवाँको मुस्लो उडिरहेको देखिएको थियो।फुजाइरा बन्दरगाहमा ड्रोन हमला त्यतिखेर भएको छ जतिखेर इरानी रिभोल्युसनरी गार्ड्स कोर (आईआरजीसी)ले अमेरिकाले उसको खार्ग द्वीपमा हमला गरेका कारण अब यूएईका बन्दरगाह तथा अमेरिकी सैन्य ठेगानाहरू आफ्नो निम्ति वैध निसाना बनेको जनाएको छ।

तेहरानको तेल उद्योग तथा समग्र अर्थतन्त्रका निम्ति खार्ग द्वीपको महत्त्व निकै रहेको मानिन्छ। इरानी सेनाको खताम मुख्यालयका एक प्रवक्ता कर्णेल इब्राहिम जुल्फीगरीले यूएईका बन्दरगाहमा रहेका अमेरिकी क्षेप्यास्त्र तथा अमेरिकी सैनिक 'लुक्ने स्थल'हरूमा आक्रमण गर्ने इरानको वैध अधिकार भएको बताएका छन्।

उनले हानिबाट जोगिन यूएईका सहरहरू खाली गर्न मुस्लिम मानिसहरूलाई आह्वान गरेका छन्।

यसअघि अर्को खाडी देश कतारमा अमेरिकी व्यापारीक स्वार्थ जोडिएका कतिपय ठाउँहरू खाली गर्न अधिकारीहरूले आदेश दिएका छन्। इरानले तिनलाई वैध निसाना भनेपछि मानिसहरूलाई त्यहाँबाट अन्यत्र जान अधिकारीहरूले भनेका छन्।

गुगल तथा अमेरिकन एक्सप्रेस जस्ता अमेरिकी कम्पनीहरूको कार्यालय रहेको राजधानी दोहाको केन्द्रमा रहेको मुशेइरेब डिस्ट्रिक्टमा मानिसहरूलाई फोनमार्फत् ती ठाउँ छाड्न सावधान गराइएका सन्देश जारी गरिएका छन्। बीबीसीका सुरक्षा संवाददाता फ्र्याङ्क गार्डनर खार्ग द्वीपमा




हमला गरेर युद्ध अर्को चरणमा प्रवेश गरेको ठान्छन्।

उत्तरी खाडीमा अवस्थित यो सानो तर महत्त्वपूर्ण टापुमा अमेरिकी आक्रमण भनेको इरानको आर्थिक नाभिमा प्रहार सरह भएको उनको विश्लेषण छाखार्ग द्वीपमा रहेको टर्मिनलमार्फत् इरानको ९० प्रतिशत तेल निर्यात हुने गर्छ।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले अमेरिकाले इरानको खार्ग द्वीपमा अवस्थित हरेक सैन्य ठेगानाहरूलाई "पूरै नष्ट गरेको" बताएका थिए । यदि उनले अझ अघि बढेर त्यहाँका सैन्य ठेगानामात्र नभइ तेल प्रशोधन केन्द्र नै नष्ट गरे भने विश्व बजारमा तेलको भाउ अझै माथि पुग्न सक्छ।

गार्डनरका अनुसार त्योभन्दा पनि चिन्ताजनक विषय चाहिँ अब इरानको प्रतिशोध कस्तो हुन्छ भन्ने हो। युद्ध थालिएको दुई साता बितिसक्दा पनि इरानसँग ठूलो सङ्ख्यामा सस्ता तर निकै विस्फोटक ड्रोनहरू उसका खाडी अरब छिमेकी देशहरूमा प्रहार गर्ने क्षमता बाँकी रहेको देखिन्छ।

इरानले अब सम्भवतः डिसेलिनेसन प्लान्ट जस्ता त्यहाँका दशौँ लाख मानिसहरू पानी पिउन निर्भर रहेका महत्त्वपूर्ण संरचनालाई उसको निसानामा पार्न सक्ने गार्डनरले उल्लेख गरेका छन्।यसअघि इरान समर्थित प्यालेस्टीनी विद्रोही समूह हमासले तेहरानलाई उसका छिमेकी देशहरूलाई निसाना नबनाउन आह्वान गरेको थियो। अन्य देश तथा अन्तर्राष्ट्रिय सङ्गठनहरूलाई तत्काल युद्ध अन्त्यका निम्ति काम गर्न पनि उसले अपिल गरेको छामध्यपूर्वमा चलिरहेको युद्धलाई आफूले 'गहिरो चिन्ता'का साथ हेरिरहेको भन्दै हमासले उक्त युद्धले 'सो क्षेत्र र विश्वको शान्ति र सुरक्षालाई खतरा पुऱ्याउने' भनेको छ।

इरानमाथि भएको अमेरिकी तथा इजरेली आक्रमणले अन्तर्राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन गरेको हमासले जनाएको छ। उक्त क्षेत्रका सबै देशहरूलाई आपसी सहयोग गर्न र आक्रमण रोक्न हमासले आह्वान गरेको छाहमासलाई अमेरिका, यूके, इजरेल तथा कैयन् अन्य देशले आतङ्ककारी सङ्गठन मान्छन्।

**यूएईमा ड्रोन हमलाका फोटो, भिडिओ सामाजिक सञ्जालमा शेअर गर्नेहरू पक्राउ**

खाडीका देशहरूमा इरानी हमलाका तस्बिर तथा भिडिओ खिचेर सामाजिक सञ्जालमा हाल्नेहरू धमाधम पक्राउ परेका विवरण आएका छन्।

संयुक्त अरब इमिरेट्सको अबु धाबीमा ४५ जना विदेशी समातिएका समाचार आएका छन् भने अन्य खाडी देशहरूले पनि यस मामिलामा कडिकडाउ गरिरहेका छन्।अमेरिका र इजरेलले इरानमा गरेका हमलापश्चात् इरानले खाडीका देशहरूमा हमला गरिरहेको छ।

इरानको ड्रोन तथा क्षेप्यास्त्र हमलाले युएई, कतार, कुवेत, बाहरेन, साउदी अरेबिया जस्ता लाखौँ नेपालीहरू काम गर्ने देशहरू समेत निसानामा परिरहेका छन्। शनिवार आएका समाचार विवरणहरूमा अबु धाबीमा ४५ जना विदेशीहरूलाई इरानी ड्रोन हमलाका दृश्य सामाजिक सञ्जालका प्ल्याटफर्ममा शेअर गरेको अभियोगमा प्रहरीले पक्राउ गरेको छ। ती समाचारमा विदेशीहरू कुन कुन देशका थिए भनेर चाहिँ खुलाइएको छैन। मानिसहरूमा चिन्ता पैदा हुने किसिमका भ्रामक सूचना फैलाएको आरोप तिनलाई लगाइएको सञ्चार माध्यमहरूमा जनाइएको छात्यहाँका अधिकारीहरूले पुष्टि नभएका तथा आधिकारिक स्रोतबाट प्रेषित नगरिएका सूचना तथा सामग्री प्रकाशन नगर्न चेतावनी दिँदै आएका छन्।

दुबई, कतार तथा बाहरेनमा पनि त्यस्तै प्रकारका पक्राउहरू गरिएको जनाइएको छ। पर्यटन तथा विदेशी लगानीमा निर्भर खाडी देशहरूले आफूहरूलाई सुरक्षित तथा विलासी गन्तव्यका रूपमा प्रस्तुत गर्दै आएका छन्। यूएईको समाचारपत्र खलीज टाइम्सले शनिवार नै प्रकाशित गरेको अर्को एक समाचारमा एक जना नेपाली नागरिक पनि पक्राउ परेको उल्लेख गरेको छाअबु धाबीस्थित नेपाली दूतावासकी उपनियोग प्रमुख तथा प्रवक्ता रञ्जिता दाहालले हालसम्म आधिकारिक रूपमा नेपाली पक्राउ परेको जानकारी नआएपनि समाचारहरूमा एकजना पक्राउ परेको विवरण आफूहरूले पनि देखेको बताइन्।

"हामीले धेरै नै सचेत गराउने काम गरिरहेका छौँ। यहाँका नेपाली समुदायहरूलाई पनि अपुष्ट सामग्री शेअर नगर्न भनेर जानकारी दिइरहेका छौँ। तथापि कतिपय हाम्रा समुदायका सदस्यहरूमा चेतनाको कमी छ अनि फेरि हाम्रा समुदाय सामाजिक सञ्जालमा पनि सक्रिय छन्," दाहालले बताएकी छन्। त्यहाँको सरकारले सामग्रीहरूलाई सामाजिक सञ्जालमा शेअर नगर्न तथा कुनै हमलाबाट खसेका वस्तुहरू वरपर नजान भनिरहेको उनले सुनाइन्।"साथै यहाँको सुरक्षा अलर्ट सन्देशहरूमा झ्यालतिर नबस्न अनि बाहिर भएको खण्डमा भित्र सुरक्षित रहन भनिरहेको हुन्छ।"

सरकारी चेतावनी अटेर गरेर फोटो भिडिओ शेअर गर्नेहरूलाई यूएईमा १ लाखदेखि २ लाख दिरहाम (करिब ४० देखि ८० लाख नेपाली रुपैयाँ) जरिबाना तथा १ देखि २ वर्षसम्म कैद सजाय हुन सक्ने कानुन रहेको उनले बताइन्।यस्ता मामिलामा परेका कोही नेपालीलाईलाई कन्सुलर सेवा उपलब्ध गराउनु पऱ्यो भने त्यसबारे आफूहरूले परराष्ट्र मन्त्रालयको परामर्श लिने उनले बताइन्।

यूएईस्थित गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)का अध्यक्ष भिम मल्ल ठकुरीले यस्ता मामिलामा बारम्बार जसो नेपालीहरू परिरहेका विवरण आफूले पाइरहेको बताए।"यहाँको कानुनले गोपनियतालाई निकै प्राथमिकता दिन्छ। भर्खर नेपालबाट आएकाहरूले अन्जानमा फोटो भिडिओ शेअर गर्दा देशनिकाला वा डिपोर्ट गरिएका छन्। मलाई नै कैयन् नेपालीहरूले यसरी डिपोर्ट हुनु परेको बताएका छन्," उनले भने।गैरआवासीय नेपाली सङ्घ यूएईका तर्फबाट आफूहरूले नेपाली समुदायका मानिसहरूलाई त्यहाँको कानुनबारे जानकारी गराइरहेको पनि उनले बताए।

"नेपालीहरूलाई आधिकारिक सूचनाहरूमात्र पछ्याउन अनि अनावश्यक होहल्ला नगर्न भनेर पनि दूतावास तथा एनआरएनएहरूले भन्दै आइरहेका छन्," यूएईको गैरआवासीय नेपाली सङ्घका पूर्व अध्यक्ष विकास शाहीले बताए। उनले स्थानीय कानुनहरू कडा भएको र तिनको पालना नगर्दा अप्ठेरो आइपर्ने बारे मानिसहरूलाई सचेत गराइरहेको जानकारी दिए।फेब्रुअरी २८ मा अमेरिका र इजरेलले इरानमा हमला गरेपछि सुरु भएको युद्धका कारण ती क्षेत्रमा रहेका १८ लाख नेपालीहरू (सरकारी आँकडाअनुसार) पनि प्रभावित भएका छन्।

जारी युद्धको संवेदनशील समयमा ती नेपालीहरूलाई संयमित, सचेत र संयमित रहन परराष्ट्र मन्त्रालयले अनुरोध गरेको छ।"यस विषम परिस्थितिमा पश्चिम एसिया क्षेत्रमा रहनुभएका सबै नेपाली नागरिकहरूलाई अत्यन्त संयमित, सचेत र सजग रहन र कानूनविपरीत कुनै किसिमका फोटो, भिडियो तथा अडियो सामग्रीहरू रेकर्ड गर्ने र आदान-प्रदान गर्ने कार्य नगर्नु हुन परराष्ट्र मन्त्रालय पुनः अनुरोध गर्दछ," मन्त्रालयले बिहीवार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

अरू देशले पनि आफ्ना नागरिकहरूलाई सचेत गराइरहेको छायसै साता दुबईमा एकजना ६० वर्षीय ब्रिटिश पुरुषलाई इरानी क्षेप्यास्त्रको भिडिओ खिचेको आरोप लागेपछि यूएईस्थित ब्रिटिश दूतावासले आफ्ना नागरिकहरूलाई त्यहाँको कानुन तोड्ने गरी इरानी क्षेप्यास्त्रका प्रभावबारे फोटो खिच्ने वा शेअर गर्ने काम नगर्न सजग गराएको थियो।ती पर्यटकको फोनमा क्षेप्यास्त्र हमलाको भिडिओ पाइएपछि उनलाई हिरासतमा लिइएको थियो।

# अमेरिकाद्वारा रुसी तेल कारोबारमाथिको प्रतिबन्ध तत्कालका लागि 'फुकुवा'

बीबीसी

काठमाण्डु । संयुक्त राज्य अमेरिकाले इरानविरुद्ध आफू र इजरेलले गरेको युद्धको आर्थिक प्रभाव कम पार्ने उद्देश्यले अरू देशलाई रुसमा उत्पादित तेल र पेट्रोलियम पदार्थ किन्ने अनुमति दिने निर्णय गरेको छाअमेरिकी अर्थमन्त्री स्कट बेसन्टका अनुसार युद्धका बेला "विश्वको ऊर्जाबजारमा स्थिरता" कायम राख्न अस्थायी उपायस्वरूप उक्त निर्णय लिइएको हो।अमेरिकाले रुसी तेल किन्न नपाउने प्रतिबन्ध एप्रिल ११ सम्मका लागि फुकुवा गरेको हो। तर देशहरूले समुद्रमा रहेका पानीजहाजमा भरिएको तेल मात्र किन्न पाउने छन्। "यो तत्कालीन उपाय 'ट्रान्जिट'मा भएको तेलका लागि मात्र हो र यसबाट रुस सरकारलाई खासै आर्थिक लाभ पुग्दैन," बेसन्टले भने।

रुसले अहिले झन्डै १० करोड ब्यारल तेल ट्रान्जिटमा भएको बताएको छ। खाडीमा कम्तीमा थप तीनवटा तेलवाहक पानीजहाज आक्रमणमा परेपछि बिहीवार विश्व बजारमा तेलको मूल्य फेरि प्रतिब्यारल १०० डलर नाघेको थियो।तेल ढुवानी गर्न प्रयोग हुने जलमार्गमा इरानले अवरोध सिर्जना गर्दै र मालवाहक पानीजहाजहरूमा आक्रमण गर्दै आएको छ। खाडीमा तेल उत्पादन



गर्ने स्थलहरू पनि आक्रमणको निसानामा परेका छन्।

इरानका नवनियुक्त सर्वोच्च नेता मुज्तबा खामेनेईले तेल ढुवानी गर्न प्रयोग गरिने एउटा मुख्य मार्ग 'स्ट्रेट अप होर्मुज'मा अवरोध गरिराख्ने उद्घोष गरेका छन्। उक्त साँघुरो जलमार्ग हुँदै विश्वभरि प्रयोग गरिने झन्डै २० प्रतिशत तेल निर्यात हुन्छायुद्धका कारण तेलवाहक पानीजहाजहरू खाडीमा अलपत्र परेका छन्। तिनले इरान र ओमानका बीच रहेको साँघुरो जलमार्ग छिचोल्न नसकेपछि तेल आपूर्ति प्रभावित भएको छाबेसन्टले हाल तेलको मूल्यवृद्धि भए पनि त्यसबाट अमेरिका र अमेरिकी अर्थतन्त्रलाई दीर्घकालीन लाभ हुने तर्क गरेका छन्।बुधवार अमेरिकाले १७.२ करोड लिटर तेल आफ्नो रणनीतिक भण्डारबाट प्रयोग गर्ने घोषणा गरेको थियो।

यसअघि बेसन्टले 'स्ट्रेट अफ होर्मुज' हुँदै तेल ओसार्ने पानीजहाजहरूलाई अमेरिका सरकारले "सैन्य हिसाबले सम्भव भएसम्म यथाशीघ्र" सुरक्षा दिने बताएका थिए। "सैन्य सुरक्षा आवश्यक हुन सक्ने कुरा हाम्रो योजनामै थियो," उनले स्काई न्यूजलाई बताए। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका आर्थिक दूत किरिल दिमित्रिएभले रुसी तेलबिना "विश्वको ऊर्जाबजार स्थिर हुन नसक्ने" बताएका छन्। "अमेरिका वास्तविक कुरा बुझ्दै छ - रुसी तेलबिना विश्वको ऊर्जाबजार स्थिर हुन सक्दैन," उनले टेलिग्राममा लेखेका छन्।

> "यो तत्कालीन उपाय "ट्रान्जिट"मा भएको तेलका लागि मात्र हो र यसबाट रुस सरकारलाई खासै आर्थिक लाभ पुग्दैन,"

यद्यपि भ्रष्टाचारको आरोप लागेका वरिष्ठ रुसी अधिकारीहरूमाथि प्रतिबन्ध लगाउनुपर्ने पक्षमा अभियान चलाएका लगानीकर्ता बिल ब्राउडरले रुसी तेल किन्ने अनुमति दिने निर्णयलाई "भयानक"को सङ्ज्ञा दिएका छन्। उनले पहिला मस्कोमा बसेर लगानी गरेका थिए।

"...यसले पुटिनलाई धनी बनाउँछ र युक्रेनमा जारी युद्ध लम्ब्याउँछ," उनले बीबीसीसँग भने।युक्रेनले अमेरिकाको निर्णयबारे कुनै प्रतिक्रिया व्यक्त गरिसकेको छैन। तर युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले प्रतिबन्ध खुकुलो बनाइए त्यो युक्रेनका लागि "गम्भीर प्रहार" र रुसका लागि थप हतियार किन्न पाउने गरी दिइने "सुविधा" हुने बताएका थिए।फ्रान्सका राष्ट्रपति इमानुएल माक्रौँले स्ट्रेट अफ होर्मुज बन्द हुँदैमा रुसी प्रतिबन्ध हटाउनु कुनै तरिकाले पनि न्यायोचित नभएको टिप्पणी गरेका छन्।

# इराकमा अमेरिकी इन्धन विमान दुर्घटना, सबै ६ चालक दलका सदस्यको मृत्यु

एपी

वाशिङ्गटन। इरानसँगको सैन्य अभियानको क्रममा इराकको पश्चिम क्षेत्रमा अमेरिकी इन्धन विमान 'केसी-१३५' दुर्घटनाग्रस्त हुँदा त्यसमा सवार सबै ६ चालक दलका सदस्यको मृत्यु भएको अमेरिकी सेनाले शुक्रबार पुष्टि गरेको छ। अमेरिकी सेनाको मध्यपूर्व क्षेत्र जिम्मेवारी लिने सेनाले अनुसार, दुर्घटना 'मैत्रीपूर्ण हवाई क्षेत्र' मा दुई विमानको संलग्नताको क्रममा भएको थियो र अर्को विमान सुरक्षित अवतरणमा सफल भएको छ।

ओहायो राज्यका गभर्नर माइक डेवाईनले सामाजिक सञ्जालमा दुर्घटनामा परेका ६ मध्ये ३ चालक दलका सदस्य ओहायो हवाई राष्ट्रिय गार्डको १२१औँ एयर रिफ्यूलिङ विङ्गमा कार्यरत रहेका जानकारी दिनुभयो । उहाँले परिवारप्रति शोक व्यक्त गर्दै उनीहरूको नाम खुलाइएको छैन । यो दुर्घटनाले सेनामा मृत्यु हुने सङ्ख्या कम्तिमा १३ पुगेको छ, जसमा सात जना युद्धमा मारिएका छन् र करिब १४० जना घाइते भएका छन् ।

केसी-१३५ स्ट्राटोट्याङ्कर विमानले अन्य विमानलाई हवाईबाट इन्धन आपूर्ति गर्ने काम गर्छ, जसले लामो दूरीको मिशन पूरा गर्न मद्दत गर्छ । साथै यसलाई घाइते सैनिकको आपतकालीन निकासी र निगरानी अभियानमा पनि प्रयोग गरिन्छ। यो विमान १९६० दशकको डिजाइनमा आधारित छ र क्रमिक रूपमा नयाँ विमानले प्रतिस्थापन हुँदैछ।

संयुक्त राज्यको सेनाले दुर्घटनाको कारण तत्काल पत्ता नलागेको बताए पनि, यो 'शत्रु वा मैत्रीपूर्ण गोलीबारीका कारण नभएको' स्पष्ट पारेको छ । सेनाध्यक्ष जनरल ड्यान केनले भन्नुभयो," दुर्घटना मैत्रीपूर्ण क्षेत्रको वरिपरि



भएको, जबकि चालक दल युद्ध मिशनमा थियो ।" रक्षा सचिव पीट हेगसेथले चालक दललाई वीरको रूपमा सम्बोधन गर्दै भन्नुभयो, "युद्ध नरक हो । युद्धमा अराजकता हुन्छ । हाम्रो विमानको दुखद दुर्घटनाले देखायो कि नराम्रो घटना कहिले पनि हुन सक्छ।"

सुरक्षा विशेषज्ञ याङ उकका अनुसार, युद्ध क्षेत्रमा इन्धन आपूर्ति गर्ने विमान शत्रु आक्रमणमा कम जोखिममा हुन्छ, किनभने यस्ता मिशन प्रायः अग्रभूमि भन्दा टाढा सम्पन्न हुन्छ।

केसी-१३५ विमानले विगतमा केही घातक दुर्घटना भोगिसकेको छ । सन् २०१३ मा किर्गिस्तानमा एक विमान दुर्घटना हुँदा चालक दलका तीन सदस्य मारिएका थिए। त्यस्तै, १९६६ मा स्पेनको पालोमारेसमा बमबारी विमानसँगको मध्य हवाई ठोक्कामा चार चालक दलको मृत्यु भएको थियो । यद्यपि विमानको सुरक्षा र मर्मत व्यवस्थापन उच्चस्तरीय रहेको बताइएको छ।

अधिकांश विमानमा छालाबाट बाहिर जानको लागि प्यारासुट नराखिएको हुन्छ। यसबारे पूर्व अनुसन्धानकर्ताका अनुसार, "विमानमा दुर्घटना हुने सम्भावना अत्यन्त कम हुन्छ। यसले गर्दा चालक दलले विमानमै रहनु सुरक्षा दृष्टिले बढी उपयुक्त हुन्छ।"

केसी-१३५ को चालक दल सामान्यतया तीन सदस्य हुन्छ । आवश्यक भएमा हवाई निकासीमा नर्स र चिकित्सक पनि सवार हुन्छन्। इन्धन आपूर्ति प्रायः विमानको पछाडि बूमबाट गरिन्छ, जसले लडाकू वा अन्य विमानसँग जडान गर्दछ ।यो दुर्घटना इरान-अमेरिका युद्धको क्रममा सार्वजनिक रूपमा देखिएका चौथो विमान दुर्घटना हो । यसले खाडी क्षेत्रमा सैन्य अपरेशनको चुनौती र लामो दूरीको मिशनमा इन्धन आपूर्तिको महत्त्वलाई झन् बढाएको छ।

# ‘विजयसाल सामुदायिक घरवास’मा बढ्दै पाहुनाको आकर्षण




कञ्चनपुर । कृष्णपुर नगरपालिका-२ वाणीस्थित मुक्तकमैया बस्ती अहिले ग्रामीण पर्यटनको आकर्षक गन्तव्यका रूपमा परिचित हुन थालेको छ ।

विगतमा साहुको घरमा श्रम बेचेर जीवन गुजार्न बाध्य भएका थारु समुदायका परिवारहरू आज आफ्नै गाउँमा घरवास (होमस्टे) सञ्चालन गरेर आत्मनिर्भर बन्ने यात्रामा अगाडि बढिरहेका छन् ।

थारु बस्तीमा सञ्चालन गरिएको ‘ विजयसाल’ अहिले स्थानीय समुदायको आयआर्जनको भरपर्दो माध्यम बन्नुका साथै थारु संस्कृति संरक्षण र ग्रामीण पर्यटन प्रवर्द्धनको नमूना बनेको छ । बस्तीका विस्पति चौधरीले घरवास सञ्चालन गरेको केही वर्षमै आफ्नो जीवनमा ठूलो परिवर्तन आएको अनुभव सुनाउनुहुन्छ । घरवास सुरु गर्नु अघि उहाँले परिवार पाल्न ज्याला मजदुरी गर्नुपर्ने अवस्था थियो ।

“पहिला हामी दैनिक ज्यालामजदुरी गरेर जीवन चलाउँथ्यौँ”, उहाँले भन्नुभयो, “घरवास सञ्चालन गर्न थालेपछि आम्दानीको नयाँ बाटो खुल्यो, पाहुनाको आगमन भइरहन्छ, यसले जीविका चलाउन धेरै सहज बनाएको छ ।” घरवासमा आउने पाहुनाको निरन्तर आगमनले चौधरीको मात्र होइन, बस्तीका अन्य परिवारको पनि आम्दानी बढ्दै गएको छ । अहिले यहाँका छ परिवार मिलेर विजयसाल सामुदायिक रूपमा घरवास सञ्चालन गरिरहेका छन् ।

घरवासमा आबद्ध सबै परिवारले पाहुनालाई बस्नका लागि छुट्टाछुट्टै घर निर्माण गरेका छन् । ती घरहरू परम्परागत थारु वास्तुकलाको झल्को दिने गरी निर्माण गरिएका छन् । बाहिरबाट हेर्दा माटो र काठले बनेका परम्परागत घरजस्तै देखिने भए पनि भित्र आधुनिक सुविधा उपलब्ध गराइएको छ ।

पाहुनालाई सहज बसोबासका लागि प्रत्येक कोठामा एटेच बाथरुम, आरामदायी बेड तथा वाइफाइ सेवा उपलब्ध गराइएको छ । दुई जना बस्न मिल्ने गरी तयार गरिएका कोठाहरूमा पाहुनाले गाउँको वातावरणसँगै आधुनिक सुविधाको अनुभव पनि गर्न सक्छन् ।

घरवास परिसरमा पाहुनालाई बस्नका लागि चार वटा आकर्षक गोल घर निर्माण गरिएका छन् । त्यस्तै पाहुनाको स्वागत तथा सामूहिक कार्यक्रमका लागि छुट्टै सामुदायिक हलको पनि व्यवस्था गरिएको छ । यसले घरवासलाई केवल बस्ने ठाउँ मात्र नभई सांस्कृतिक गतिविधि र सामुदायिक अन्तर्क्रियाको केन्द्रका रूपमा पनि विकास गरेको स्थानीय दुर्गा चौधरी बताउनुहुन्छ ।

“घरवासको नाम ‘विजयसाल सामुदायिक घरवास’ राखिनुको पनि विशेष कारण रहेको छ”, उहाँले भन्नुभयो, “विजयसाल बहुऔषधीय गुण भएको वनस्पति हो, जसलाई स्वास्थ्यका दृष्टिले निकै महत्त्वपूर्ण मानिन्छ, विजयसालको काठबाट बनेको भाँडामा पानी राखेर पिउँदा मधुमेह तथा रक्तचाप नियन्त्रणमा सहयोग पुग्ने मान्यता रहेको छ, पछिल्लो समय वनजङ्गलमा यो रुख लोप हुने अवस्थामा पुगेको छ, यसैलाई ध्यानमा राख्दै विजयसालको संरक्षण तथा प्रचार गर्ने उद्देश्यले घरवासको नाम ‘ विजयसाल’ राखिएका हौँ ।”

विजयसाल घरवासको अर्को आकर्षण भनेको यहाँ उपलब्ध हुने परम्परागत थारु खानपान हो । घरवासमा आउने पाहुनालाई उहाँहरूको चाहनाअनुसार विभिन्न स्थानीय परिकार तयार गरेर पस्किने गरिन्छ । घरवास सञ्चालक वसन्ती रानाका अनुसार यहाँ भेज तथा नन-भेज दुवै प्रकारका परिकार पाइन्छन् ।

“पाहुनाको रोजाइअनुसार खाना तयार गर्छौं”, उहाँले भन्नुभयो, “थारु समुदायका मौलिक परिकार ढिक्री, बरिया रोटी, अन्तीको भात, मिसौला, फुलौरालगायतका परिकार पाहुनाले निकै मन पराउनुहुन्छ ।” यसका अतिरिक्त माछा, गङ्गटा, घोंगी, सुतही, सुँगुरको मासु तथा स्थानीय जातको कुखुराको मासु पनि यहाँका लोकप्रिय परिकार हुन् ।

कहिलेकाहीँ पाहुनाले मुसाको चटनीसमेत चाख्नका लागि माग गर्ने गरेको सञ्चालकहरू बताउँछन् । त्यस्तै अमिलो-पिरो स्वादको बयरको चटनी पनि पाहुनाले मन पराउने परिकारमध्ये एक हो । जुन घरवास सञ्चालकले अनिवार्य रूपमा परिकारसँगै पस्कने गर्दछन् । घरवासमा उपलब्ध गराइने खानाका परिकारको मूल्य रु १३० देखि रु ३०० सम्म रहेको छ ।

घरवासमा आउने पाहुनाको मनोरञ्जनका लागि थारु समुदायका परम्परागत नृत्यहरू पनि प्रस्तुत गरिन्छ । सामुदायिक हलमा स्थानीय महिला तथा युवाहरूले सखिया, छोक्रा र मघौटालगायतका नृत्य प्रस्तुत गर्छन् । मादल र मञ्जिराको तालमा प्रस्तुत गरिने यी नृत्यले पाहुनालाई थारु संस्कृतिको झलक दिन्छन् ।

घरवास सञ्चालक परदेशनी डगौराका अनुसार पाहुनाको मागअनुसार सांस्कृतिक कार्यक्रम आयोजना गरिन्छ । “नृत्य देखाएबापत एक घण्टाको रु तीन हजार शुल्क लिने व्यवस्था छ”, उहाँले भन्नुभयो, “यसले पाहुनालाई मनोरञ्जन दिनुका साथै हाम्रो संस्कृति जोगाउन पनि मद्दत पुगेको छ ।” सांस्कृतिक कार्यक्रमबाट प्राप्त रकम कलाकारहरूको सामूहिक कोषमा जम्मा गरिने व्यवस्था गरिएको छ ।

“घरवासमा वर्षभरिमा करिब एक हजार जति पाहुना आएको रेकर्ड छ”, घरवास सञ्चालक लिलाकुमारी चौधरीले भन्नुभयो, “पर्यटन सिजनका बेला यहाँ पाहुनाको चहलपहल निकै बढ्ने गर्दछ, यस वर्षको फागुन महिनामा मात्र करिब २०० पाहुना यहाँ बस्न आएका छन् ।”

यहाँ आउने पाहुनामध्ये अधिकांश इलाम, धादिङ, मोरङ, सुनसरी, पोखरा र काठमाडौँलगायत क्षेत्रका बढी हुने गरेका छन् । कहिलेकाहीँ विदेशी पर्यटक पनि थारु संस्कृति, रहनसहन र खानपानबारे जान्न उत्सुकताका साथ यहाँ आउने गरेको सञ्चालकहरू बताउनुहुन्छ । घरवासमा बस्न आउने अधिकांश पाहुना नजिकै रहेका पर्यटकीयस्थलको अवलोकन गर्न पनि जाने गर्छन् । विशेषगरी शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज यहाँको मुख्य आकर्षण मानिन्छ । विशाल घाँसेमैदान र दुर्लभ बाह्रसिङ्गा हेर्नका लागि धेरै पर्यटक त्यहाँ पुग्ने गर्छन् । यसका साथै महाकाली नदीमाथि बनेको बहु-स्पान झोलुङ्गे पुलको दृश्यावलोकन गर्न पनि पर्यटक जाने गर्छन् ।

घरवास नजिकै रहेको सिस्ने सिमसार क्षेत्र पनि प्रकृतिप्रेमीका लागि आकर्षक गन्तव्य मानिन्छ । यहाँ विभिन्न प्रजातिका चराचुरुङ्गी तथा जलचर अवलोकन गर्न सकिन्छ । घरवास सञ्चालनबाट सहभागी परिवारहरूले मासिक रु ३० हजारदेखि रु ३५ हजारसम्म आम्दानी गर्ने गरेका छन् । यद्यपि पाहुनाको सङ्ख्याअनुसार आम्दानी कहिले बढी त कहिले कम हुने गरेको सञ्चालकहरू बताउँछन् । स्थानीय बासिन्दाका अनुसार घरवास सञ्चालन सुरु भएपछि गाउँमा आर्थिक गतिविधि बढेको छ ।

यसले स्थानीय उत्पादनको उपयोग बढाउनुका साथै रोजगारका अवसर पनि सिर्जना गरेको छ । यससँगै थारु समुदायको मौलिक संस्कृति, खानपान र जीवनशैलीको संरक्षणमा पनि सकारात्मक प्रभाव परेको स्थानीय अगुवा सोभा खुना बताउनुहुन्छ ।

“घरवास सञ्चालनका सफलताका बाबजुत केही चुनौतीहरू पनि छन्” उहाँले भन्नुभयो, “सिजनअनुसार पाहुनाको सङ्ख्या घटबढ हुनु, विदेशी पर्यटकसँग भाषाको समस्या आउनु तथा प्रचारप्रसारको कमी हुनु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।” सरकारी निकायबाट पूर्वाधार विकास, तालिम तथा प्रचारप्रसारमा सहयोग प्राप्त भएमा यस क्षेत्रलाई ग्रामीण पर्यटनको महत्वपूर्ण केन्द्रका रूपमा विकास गर्न सकिने सम्भावना रहेको उहाँ बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ, “विजयसाल सामुदायिक घरवासले सङ्घर्षशील मुक्तकमैया समुदायलाई आत्मनिर्भर बन्ने बाटो देखाएको छ, यसलाई निरन्तरता दिनका लागि सबै पक्षको सहकार्य हुन आवश्यक छ ।”रासस

# चिया टिप्ने चटारो

इलाम । इलामका चिया बगानमा यस वर्षको पहिलो टिपाइ सुरु भएको छ । ‘फस्ट फ्लस’ भनेर चिनिने यो टिपाइलाई उच्च गुणस्तरको चिया उत्पादनका लागि महत्वपूर्ण मानिन्छ ।

फागुनको अन्तिम सातादेखि उत्पादन सुरु भएको चियाले उद्योगी र किसानलाई वार्षिक आम्दानीको मुख्य आधार दिने गरेको चिया व्यवसायी जीवन पाण्डेले बताउनुभयो । चियाको पहिलो टिपाइलाई विशेष सावधानीका साथ सङ्कलन गरिन्छ । चियाको कोमल पातबाट उच्च गुणस्तरको उत्पादन हुने भएकाले अन्तरराष्ट्रिय बजारमा यसको माग पनि बढी हने गरेको व्यवसायी पाण्डेको भनाइ छ ।

इलामका चिया उद्योगी शरद सुब्बाका अनुसार, यस वर्ष जिल्लाको दक्षिणी क्षेत्रबाट टिपाइ सुरु भएको छ । उहाँले इलामको सोयाक बगानमा पहिलो टिपाइ सुरु भएको जानकारी दिनुभयो । “यसलाई सुरक्षित ढङ्गले टिपिन्छ । यहीबाट उच्च गुणस्तरको चिया तयार हुन्छ”, सुब्बाले भन्नुभयो, मूल्य दिने व्यवस्था गरिएको उहाँको भनाइ छ ।

स्थानीय किसानका लागि चियाको पहिलो टिपाइ वर्षको आशाको सुरुवात जस्तै हुने गर्छ । सूर्योदय नगरपालिका-१ का चिया किसान जगन्नाथ अधिकारीका अनुसार पहिलो टिपाइको चिया गुणस्तरका हिसाबले राम्रो हुने भएकाले मूल्य राम्रो पाइन्छ । “पहिलो टिपाइ राम्रो भयो भने वर्षभरि नै चिया उत्पादनप्रति उत्साह बढ्छ”, अधिकारीले भन्नुभयो, “यो किसानका लागि वर्षको सुरुवातमै आउने राम्रो आम्दानी हो ।”

माई नगरपालिका-५ का किसान बुद्ध लिम्बूले यसवर्ष कात्तिकयता पर्याप्त वर्षा नपरेकाले जिल्लाको माथिल्लो लेकाली क्षेत्रमा चैतको पहिलो सातापछि मात्र टिपाइ सुरु हुने सम्भावना छ ।इलामसँगै पाँचथरमा रहेको कञ्चनजङ्गा चिया कारखानाले पहिलो टिपाइको चिया प्रशोधन सुरु गरिसकेको छ । उद्योगीहरूका अनुसार यसरी तयार भएको



“पहिलो टिपाइमा मात्रै करिब अढाइ सय किलो चिया सङ्कलन भएको छ ।” उहाँका अनुसार सोयाकसँगै चिलिमकोटलगायतका क्षेत्रका बगानमा क्रमशः चिया टिपाइ सुरु भइसकेको छ ।

इलामको जसबिरेस्थित जसबिरे चिया कारखानाका सञ्चालकसमेत रहनुभएका सुब्बाले यसवर्ष हरियो पत्तीको मूल्य गत वर्षकै हाराहारीमा कायम गरिएको बताउनुभयो । किसानलाई प्रतिकिलो ६५ रुपियाँदेखि प्रतिकिलो रु एक हजार ५०० सम्म चिया विशेष गरी जर्मनी, रुस, अमेरिकालगायत युरोपका विभिन्न मुलुकमा निर्यात हुने गरेको छ ।

इलाममा गोल्डेन, गोल्डेन पल, सिल्भर टिप, गोल्डेन ब्ल्याक, ग्रिनलगायत फरक-फरक स्वाद र गुणस्तरका चिया उत्पादन हुने गरेका छन् ।

मेची भन्सार कार्यालय झापाका प्रमुख भन्सार अधिकृत शिवलाल न्यौपानेले बताउनुभयो । उहाँका अनुसार, चालु आर्थिक वर्ष २०८२/८३ मा नेपालबाट ८६ लाख ७७ हजार २२१ किलो चिया निर्यात भएको छ । रासस

# किसानलाई अनुदानमा ‘मिनी टिलर’ वितरण

कञ्चनपुर । कृषिमा यान्त्रीकरणको प्रयोगलाई बढावा दिने उद्देश्यले कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१० का किसानलाई शनिबार अनुदानमा मिनी पावर टिलर वितरण गरिएको छ । वडाले चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमअनुसार ५० प्रतिशत अनुदानमा ३२ जना किसानलाई मिनी पावर टिलर उपलब्ध गराएको हो।

वडा कार्यालयका अनुसार कृषि उत्पादनलाई आधुनिकीकरण गर्दै खेतीपातीमा समय र लागत दुवै घटाउने लक्ष्यका साथ किसानलाई मिनी टिलर वितरण गरिएको वडाध्यक्ष लालबहादुर ऐरले बताउनु भयो । उहाँका अनुसार किसानलाई कृषिमा यान्त्रीकरणतर्फ आकर्षित गर्न वडा कार्यालयले बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरेको छ । “वडाबाट रु नौ लाख बजेट मिनी टिलर अनुदान कार्यक्रमका लागि विनियोजन गरिएको थियो,” उहाँले भन्नुभयो, “त्यही बजेटमार्फत ३२ जना किसानलाई ५० प्रतिशत अनुदानमा आधुनिक बनाउँदै उत्पादन बढाउन सहयोग पुग्ने अपेक्षा गरेका छौं ।”शुक्लाफाँटा नगरपालिकाको कृषि विकास शाखाका प्रमुख करनसिंह बुढाऐरले कृषि क्षेत्रमा यान्त्रीकरणको प्रयोग बढ्दै गएमा किसानको श्रम र लागत दुवै कम हुने बताउनु भयो ।“मिनी टिलरले खेत जोत्न, माटो पल्टाउन तथा रोपाइँअघिको तयारी गर्न सहज बनाउँछ,” उहाँले भन्नुभयो, “यसले किसानको समय बचत हुनुका साथै उत्पादन प्रक्रियालाई छिटो र व्यवस्थित बनाउँछ ।”

उहाँका अनुसार मिनी टिलर वितरणसँगै किसानलाई यसको प्रयोग र मर्मतसम्बन्धी प्राविधिक जानकारीसमेत दिइएको छ । किसानले उपकरण सही तरिकाले प्रयोग गर्न सकून् भन्ने उद्देश्यले खेत जोत्नुअघि अपनाउनुपर्ने सावधानी, खेत जोत्ने तरिका तथा काम सकिएपछि गर्नुपर्ने मर्मतसम्बन्धी जानकारी प्रदान गरिएको उहाँले बताउनुभयो।मिनी टिलर प्राप्त गर्ने किसान बुद्धिबहादुर चौधरीले यसले खेतीपातीको कामलाई धैरै



मिनी टिलर उपलब्ध गराइएको छ ।”

उहाँका अनुसार एक वटा मिनी पावर टिलरको बजार मूल्य रु ५६ हजार दुई सय ५० पर्छ । उक्त रकमको आधा अर्थात् रु २८ हजार वडाले अनुदानस्वरूप व्यहोरेको छ भने बाँकी रु २८ हजार किसान स्वयंले लगानी गरेका छन्। “व्यवसायिक कृषि गरिरहेका तथा आगामी दिनमा व्यवसायिक खेतीतर्फ अघि बढ्न इच्छुक किसानलाई प्राथमिकतामा राखेर छनौट गरी मिनी टिलर वितरण गरेका छौं” उहाँले भन्नुभयो, “यसबाट खेतीपातीलाई सहज बनाउने बताउनुभयो। उहाँका अनुसार यसअघि गोरु प्रयोग गरेर खेत जोत्नुपर्दा निकै समय र मेहनत लाग्थ्यो।“पहिला गोरुले खेत जोत्न निकै समय लाग्थ्यो,” उहाँले भन्नुभयो, “अब मिनी टिलर प्रयोग गरेपछि छिटो र सहज रूपमा खेत जोत्न सकिने भएको छ ।”

उहाँका अनुसार मिनी टिलरले खेत जोत्न मात्र नभई रोपाइँका लागि खेत तयार पार्न पनि सहयोग पुर्याउनेछ ।

समयमै खेत जोत्न सकिने भएकाले बाली लगाउने समय व्यवस्थापन गर्न पनि सहज हुने किसानहरूको भनाइ छ । रासस

# टेक्नो स्पार्क गो ३ स्मार्टफोन सार्वजनिक, दैनिक प्रयोगका लागि टिकाउ हुने दाबी

**टुडे समाचारदाता**

काठमाण्डु । टेक्नोले नेपालमा आफ्नो नयाँ स्मार्टफोन स्पार्क गो ३ सार्वजनिक गरेको छ । यो फोन दैनिक रूपमा सक्रिय रहने युवा, विद्यार्थी र कामकाजी पुस्ताका लागि विशेष गरी डिजाइन गरिएको हो, जसले भरपर्दो प्रदर्शन र उत्कृष्ट कनेक्टिभिटी चाहन्छन् ।

मोबाईल सार्वजनिक कार्यक्रममा बोल्दै टेक्नो मोबाईलका सिइओ अर्जित तालापत्रले नेपालका युवा उपभोक्तालाई उनिहरुको दैनिक गतिसँग मेल खाने प्रकारको स्मार्ट फोन चाहिने भएकाले नेपाली बजारमा यसलाई उपलब्ध गराइएको बताए ।स्र्पाक गो ३ मार्फत हामी बलियोपन, बुद्धिमत्ता र भरोसायोग्य कनेक्टिभिटी भएको फोन ल्याएका छौं । जसको डिजाइन पनि जीवनशैलीसँग मेल खान्छ,‘ अर्जितले भने । ‘अत्ति नै बलियो’ हाम्रो दर्शनअनुसार पहिलो दिनदेखि नै स्थायित्व र आत्मविश्वास दिन तयार गरिएको छ ।’

स्र्पाक गो ३ दैनिक प्रयोगका चुनौतीहरू सहज रूपमा सामना गर्न सक्षम छ । यसमा आइपी ६४ धुलो र पानीका छिटाबाट सुरक्षा तथा ड्रप-रेडी टिकाउ डिजाइन समावेश गरिएको छ, जसले प्रयोगकर्तालाई विद्यालय, कार्यस्थल, डेलिभरी मार्ग वा व्यस्त शहरका सडकहरूमा प्रयोग गर्दा भरोसा दिन्छ ।यस फोनमा १२० एचजेड




सुपर स्मुथ डिस्प्ले रहेको छ । जसले स्क्रोलिङलाई सहज, टचलाई छरितो र दृश्य अनुभवलाई प्रिमियम बनाउँछ । साथै, टेक्नो एआई भ्वाइस असिस्टेन्ट र नो नेटवर्क कम्युनिकेशन २.० सुविधाले नेटवर्क कमजोर वा नभएको स्थानमा पनि सञ्चार सम्भव बनाउँछ ।

स्र्पाक गो ३ नेपालभरका प्रमुख रिटेल स्टोरहरूमा मार्च १३ देखि उपलब्ध हुनेछ । यसको मूल्य ४ जीबी प्लस ६४ जीबी भेरियन्टका लागि १५,९९९ रुपैयाँ र ४ जीबी प्लस १२८ जीब भेरियन्टका लागि १६,९९९ रुपैयाँ तोकिएको छ । यो फोन गाढा खरानी, गाढा कालो, आकाशी निलो र बैजनी गरी चार रंगमा उपलब्ध हुनेछ ।स्पार्क गो ३ केवल स्मार्टफोन होइन, यो दैनिक जीवनका आवश्यकताका लागि तयार गरिएको शक्तिशाली र भरोसायोग्य उपकरण हो, जसले प्रयोगकर्ताको जीवनलाई अझ सहज र आत्मविश्वासी बनाउँछ ।


Government of Madhesh Province

## Ministry of Education and Culture

### Janakpurdham, Dhanusha, Nepal

### INVITATION FOR ELECTRONIC BIDS

Bid Publication Date: 2082/12/01 (15th March 2026)

| S. N. | Project Title (Works/Goods) | IFB NO./Bid No. | Cost Of Bid Documents Fee (Non-Refendable) | Bid Security Amount | Estimated Amount Excluding Vat & Contigency | Last Date Of Bid Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1. | The Construction of Janakpurdham 8 Ma Raheko Rasik Bihari Bhagwan Teli Kutti Chhatrabas Nirman. | MOEC/NCB/ WORKS/2082-083/9 | Nrs. 3,000 | Nrs.65,500 | 26,05,784.00 | 16-04-2026 12:00 Noon | 16-04-2026 14:00 PM |
| 2. | The Construction of S.N.R. Janta Ma. Bi. Dhabauli, Sahidnagar Nagarpalika Wada No.7 Dhabaulima Starunnati. | MOEC/NCB/ WORKS/2082-083/10 | Nrs. 3,000 | Nrs.65,500 | 26,06,302.00 | 16-04-2026 12:00 Noon | 16-04-2026 14:00 PM |
| 3. | The Construction of Shree Ra. Pra. Bi. Dhabauli, Sahidnagar Nagarpalika Wada No. 7 Dhabauli (Mandal Tole) Ma 4 Kothe Bhawan Nirman. | MOEC/NCB/ WORKS/2082-083/11 | Nrs. 3,000 | Nrs.65,500 | 26,05,895.00 | 16-04-2026 12:00 Noon | 16-04-2026 14:00 PM |

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** Rastriya BanijyaBank Ltd. **Name of Office:** Ministry of Education and Culture, Janakpurdham, Dhanusha

**Office Code no.:** 3500017012 **Account no.:** 1000100200010000 **Rajaswa (revenue) Shirshak no.:** 14229

**Bid Security deposit in the Following Bank:**

**Name of the Bank:** Rastriya BanijyaBank Ltd. **Name of Office:** Pradesh Lekha Niyantrak Karyalay Madhesh Province, Janakpurdham

**Account No.:** 1220100202030000

**Note:-** 1. Bids Shall Be Opened At Ministry Of Education and Culture, Janakpurdham Dhanusha.
2. A Complete Set Of Bidding document Can Be Downloaded From website: www.bolpatra.gov.np/egp.
3. For Further Information Please Contact at No.:9854038535/9848714707, Email: info.moec@madhesh.gov.np

# बालेनको बधाईमा जसपा नेताहरुको आपति

टुडे समाचारदाता

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) लाई भावी प्रधानमन्त्रीलाई मधेशी केन्द्रित दलहरुको संयुक्त मोर्चाले गौरवान्वित महसूस गर्दै दिएको बधाईप्रति मोर्चा आबद्ध जनता समाजवादी पार्टी (जसपा) नेपालका नेताहरुले आपति जनाएका छन् ।



मधेसकेन्द्रित दलहरूको यस मोर्चाले बालेनलाई 'मधेसी सपुत' भन्दै शुभकामना, बधाई र समर्थन दिएपछि मोर्चाकै प्रभावशाली घटक जनता समाजवादी पार्टी (जसपा) नेपालका नेताहरूले त्यसको तीव्र आलोचना र विरोध गरेका हुन् ।

जसपा नेपालका वरिष्ठ नेता महन्थ ठाकुरको अध्यक्षतामा बसेको मोर्चाको बैठकले बालेन शाहलाई प्रधानमन्त्रीका रूपमा हेर्न पाउनु मधेसी, थारु र आदिवासी जनजातिका लागि हर्षको विषय भएको भन्दै विज्ञप्ति जारी गरेको थियो ।

आपति जनाउनेहरुले भर्खरै सम्पन्न निर्वाचनमा आफूले बेहोरेको हारप्रति समीक्षा गर्नुको साटो बालेनको समर्थनमा लाग्नुलाई 'राजनीतिक लाचारी'का रूपमा टिप्पणी गरेका छन् । जसपा नेपालका नेता डा. सुरेन्द्रकुमार झाले सामाजिक सञ्जालमार्फत मोर्चाको निर्णयमाथि प्रहार गरेका छन् ।

निर्वाचनमा छुट्टाछुट्टै लड्ने र अधिकांश अध्यक्षहरूकै जमानतसमेत जफत भएको अवस्थामा हारको समीक्षा नगरी बालेनको नाम जप्नु अपराधबाट भाग्ने बाटो मात्र भएको उनको भनाई छ ।

डा. झाले भनेका छन्, 'बालेन मधेसी होइनन् भन्दै घाँटीको नसा फुट्ने गरी चिच्याउनेहरूले आज कुन मुखले उनलाई मधेसी सपुत भनेका होलान् ? घर जलाई खरानी बनाएर शुभकामना र बधाईको निकृष्ट खेल खेल्नु आश्चर्यजनक छ ।' उनले ६५ वर्षमाथिका नेताहरूलाई विश्राम लिएर नातिनातिनासँग समय बिताउनसमेत सुझाव दिएका छन् ।

जसपा नेपालकै पार्टीका अर्का नेता शैलेन्द्र साहले सङ्घीय लोकतान्त्रिक मोर्चालाई जनताको आन्दोलनको मञ्च नभई नेताहरूको स्वार्थ मिलाउने 'क्लब'को संज्ञा दिएका छन् । चुनावमा कुनै सहकार्य र साझा कार्यक्रम नभएको मोर्चाले केवल फोटो खिच्ने र विज्ञप्ति निकाल्ने काम मात्र गरेको भन्दै उनले यस्तो मोर्चाको औचित्य समाप्त भइसकेको र यसलाई विघटन गर्नु नै श्रेयस्कर हुने बताए ।

जसपा नेता पूर्ण बस्नेतले बालेन शाहले मेयर हुँदा महानगरमा कवाडी व्यवसायी र सुकुम्बासी बस्तीमा डोजर चलाउँदा विरोध गर्ने तिनै मधेसवादी दलहरू आज बालेनको शरणमा पुगेको टिप्पणी गरेका छन् । यस्तै, जसपा नेपालकी नेतृ डा. बबी सिंहले मोर्चा केवल बैठक बस्नका लागि मात्र बनाइएको संरचना भएको भन्दै आलोचना गरेकी छन् । मोर्चा बनेपछि पनि एकअर्कासँग चुनावमा लड्ने र साझा रणनीति बनाउन असफल हुने नेतृत्वले औपचारिकताका लागि मात्र बैठक बस्नुको कुनै अर्थ नरहेको उनले बताइन् ।

विगतमा बालेन शाहलाई 'मधेसविरोधी' र 'गैरमधेसी' भन्दै आलोचना गर्ने मधेसी नेताहरूले अहिले आएर उनलाई नै प्रधानमन्त्रीका रूपमा समर्थन गर्नुले मधेसको राजनीतिमा ठुलो वैचारिक विचलन आएको उनीहरुको तर्क छ ।

# मुख्यमन्त्री र प्रदेश प्रमुखको काठमाडौं आवास क्षतिग्रस्तै

टुडे समाचारदाता

जनकपुरधाम । जेनजी आन्दोलनको क्रममा तोडफोड तथा आगजानी गरिएका प्रदेश प्रमुख र मुख्यमन्त्रीहरुका लागि राजधानी काठमाडौको ललितपुरस्थित भैंसेपाटीमा निर्मित आवास मरम्मत सम्भार नहुँदा अहिलेसम्म अलपत्रै अवस्थामा रहेको छ ।



संघीय सरकारको मन्त्री, राष्ट्रिय सभा अध्यक्ष, उपाध्यक्ष र प्रतिनिधिसभा उपसभामुख निवास सँगै प्रदेश सरकारका मुख्यमन्त्री र प्रदेश प्रमुखको सम्पर्क आवास भनी निर्माण गरिएको भवनहरुमा गएको भदौ २३ र २४ गते जेनजी आन्दोलनको तारो बनाई तोडफोड तथा आगजानी गरिएको थियो ।

संघीय सरकारका २७ ब्लकमध्ये २६ ब्लकमा र सातै प्रदेशका मुख्यमन्त्री तथा प्रदेश प्रमुखको लागि बनाइएको १४ वटै भवनमा आगजनी र तोडफोड गरिएको थियो । सरकारी कामका लागि प्रदेशबाट काठमाडौ जाँदा अहिले मुख्यमन्त्री तथा प्रदेश प्रमुखहरुलाई होटेलमा भाडा तिरेर बस्नु परिरहेको अवस्था छ ।

मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले भने जेनजी आन्दोलनको क्रममा संघीय सरकारका मन्त्रीहरुको आवास सँगै सातवटै प्रदेशका प्रदेश प्रमुख तथा मुख्यमन्त्रीहरुका लागि बनाइएको सम्पर्क आवास समेत तोडफोड तथा आगजानी गरियो । तोडफोड तथा आगजानीले क्षतिग्रस्त भएका भवनहरु मरम्मत सम्भार गर्दा सरकारी कामले जाँदा होटलमै बस्नुपर्ने अवस्था छ ।

मरम्मत सम्भारका लागि कतिको पहल गर्नु भयो भन्ने बारे उनले थप्दै भने संघीय सरकारले बनाएको त्यो भवन हो, त्यसमा एक त खर्च गर्न मिल्दैन, खर्च गरेपनि ठूलो रकम खर्च हुने भएकाले प्रदेश सरकारबाट सम्भव छैन । जहाँसम्म पहलको कुरा हो, हामीले मौखिक रुपमा सरकारलाई भनेका छौं संघीय सरकारलाई आफै चासो लिनुपर्ने हो ।

करिब ८५ करोड रुपैयाँ खर्चेर पांच वर्षमा निर्माण गरिएको ती आवास तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले २०८० भदौ १० गतेका दिन प्रदेश प्रमुख तथा मुख्यमन्त्रीहरुलाई एक समारोहका बीच हस्तान्तरण गरेका थिए । दुई वर्षपछि जेनजी आन्दोलनको क्रममा ध्वस्त बनाइयो ।

२७ रोपनी १२ आना भन्दा बढी क्षेत्रफलमा प्रत्येक प्रदेशका लागि छुट्टाछुट्टै गरी प्रत्येक भवनमा दुईवटा ब्लक हुने गरी सुविधा सम्पन्न ७ वटा भवन निर्माण गरिएको हो । सुविधा सम्पन्न उक्त आवासमा कार्यकक्ष सहयोगी तथा सचिवालयका लागि छुट्टै कोठा, सर्वसाधारणलाई भेटघाटको व्यवस्था, अट्याच बाथरुमसहित मास्टर बेडरुम, अध्ययन (स्टडी) कक्ष र योग कक्ष तथा फेमिली बैठक कक्ष र पाहुनाका लागि छुट्टै कोठा, भान्साकोठा, भण्डार कक्ष, बगैंचा, पोखरी, सडक, पार्किङको व्यवस्था रहेको छ ।

सो आवासका लागि निजी सचिव १/१ जना, कार्यालय सहायक कर्मचारी २/३ जना सुरक्षा (नेपाल प्रहरी वा सशस्त्र प्रहरी) ६ देखि ८ जना सवारी चालक (ड्राइभर) १/१ जना कार्यालय सहयोगी २/२ जना (औसत कर्मचारी संख्या प्रदेश प्रमुखका लागि करिब ८-१० जना, मुख्यमन्त्रीका लागि करिब १०-१२ जना कर्मचारी तथा सुरक्षाकर्मीको व्यवस्था गरिएको थियो । जर्जर अवस्थामा रहेका ती आवास अहिले नेपाली सेनाको रेखदेखमा रहेको छ ।

# चुनाव अब लडदिन् : रिजाल

टुडे समाचारदाता

जनकपुरधाम । नेपाली कांग्रेसका नेता तथा पूर्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले अब कुनै पनि निर्वाचनमा उम्मेदवार नबन्ने घोषणा गरेका छन् ।

पर्साको जगरनाथपुर गाउँपालिका-५ मसिहानीमा आयोजित कांग्रेसको एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले व्यक्तिगत रहेको बताए। उनले भने, "म अब चुनाव लड्ने सोचमा छैन, तर जनताको सेवा गर्ने कामबाट पछि हट्ने छैन। समाज र देशका लागि योगदान दिन राजनीतिमा सक्रिय नै रहनेछु।"

उनले परिवारबाट पाएको राजनीतिक संस्कार र मूल्यले समाजप्रति जिम्मेवार बन्न प्रेरणा दिएको पनि बताए। साथै पर्सा-४ क्षेत्रको विकास, पूर्वाधार निर्माण,



आगामी दिनमा आफू चुनावी प्रतिस्पर्धाबाट अलग रहने बताए। उनले अब चुनाव नलड्ने निर्णय गरे पनि जनताको सेवामा भने निरन्तर सक्रिय रहने स्पष्ट पारे ।

रिजालले राजनीति आफ्नो लागि पद वा प्रतिस्पर्धाभन्दा पनि जनसेवाको माध्यम भएको उल्लेख गर्दै चुनाव नलड्ने निर्णय शिक्षा र स्वास्थ्य क्षेत्र सुधारका लागि आफू सधैं सहयोगी भूमिका खेल्ने प्रतिबद्धता जनाए ।

लामो समयदेखि नेपाली कांग्रेसको संगठन विस्तार, लोकतान्त्रिक आन्दोलन र विकाससम्बन्धी गतिविधिमा सक्रिय रहेका रिजाल पछिल्ला वर्षहरूमा पर्सा क्षेत्रको राजनीतिमा प्रभावशाली नेताका रूपमा चिनिन्छन् ।

रिजाल २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा पर्सा-४ बाट निर्वाचित भएका थिए। त्यसपछि उनी तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री बनेका थिए ।

२०४८ सालदेखि उनले हालसम्म आठ पटक संसदीय निर्वाचनमा प्रतिस्पर्धा गरिसकेका छन्। तीमध्ये चार पटक विजयी भएका छन् भने चार पटक पराजित भएका छन्। उनी २०४८, २०५१, २०६४ र २०७९ सालमा विजयी भएका थिए भने २०५६, २०७०, २०७४ र पछिल्लो निर्वाचनमा पराजित भएका हुन् ।

पछिल्लो निर्वाचनमा उनी राष्ट्रिय स्वतन्त्र पार्टीका टेकबहादुर शाक्यसँग १५ हजारभन्दा बढी मतान्तरले पराजित भएका थिए। शाक्यले २८ हजार ६ मत प्राप्त गर्दा रिजालले १२ हजार ५३४ मत पाएका थिए।

यसअघि २०७४ सालको निर्वाचनमा पनि रिजाल पर्सा-४ बाटै राष्ट्रिय जनता पार्टी नेपालका लक्ष्मणलाल कर्णसँग पराजित भएका थिए । त्यसबेला कर्णले २० हजार ७३८ मत ल्याउँदा रिजालले १४ हजार ७०२ मत प्राप्त गरेका थिए।

# समानुपातिक सांसदमा एमालेबाट तीन मधेशी




टुडे समाचारदाता

जनकपुरधाम । समावेशी प्रतिनिधित्वलाई ध्यानमा राख्दै तयार गरिएको प्रस्तावित समानुपातिक सूचीमा मधेशी समुदायबाट एमालेले तीन जनाको नाम सिफारिस गरेको छ ।

आइतवार बुझाइने समानुपातिक लिस्टमा एमालेले मधेशी कोटाबाट दुई महिला र एक पुरुषको नाम समावेश एमालेले गरेको हो ।

सिफारिस सूचीअनुसार मधेशी महिलातर्फ रिंगला यादव र यशोधा कुमारी लाई प्रस्ताव गरिएको छ । त्यस्तै पुरुषतर्फ चन्द्रेश्वर मण्डल को नाम सिफारिस गरिएको छ । समावेशी आधारमा तयार गरिएको उक्त प्रस्तावित सूचीमा विभिन्न समुदायका प्रतिनिधिहरूलाई समेटिएको छ । मधेशी समुदायबाट महिला सहभागिता सुनिश्चित गर्न दुई महिलालाई स्थान दिइएको छ भने एक पुरुष प्रतिनिधि पनि समावेश गरिएको छ ।

यस प्रस्तावमा आदिवासी जनजाति, खास आर्य, दलित, थारू, मुस्लिम लगायत विभिन्न समुदायबाट पनि प्रतिनिधित्व रहने व्यवस्था गरिएको छ । प्रस्तावअनुसार एमालेले कुल १६ सिट पाएको छ । जसमा महिला १० र पुरुष ६ जना रहेको छ ।

यस्तै आदिवासी जनजाति क्लस्टरबाट भूमिका सव्वा र गंगादेवी श्रेष्ठ महिला तथा रामबहादुर थापा मगर र कुलमन्त शाक्य पुरुषतर्फ सहित ४ जना रहेका छन् भने खास आर्य क्लस्टरबाट ४ जनाको नाम प्रस्ताव गरिएको छ । यसमा पद्मा अर्याल र दुकाश्रा हमाल महिला तथा गुरु प्रसाद बराल र पुष्पराज कंडेल पुरुष रहेका छन् ।

पिछडिएको क्षेत्रबाट एषुदा कुमारी बराल को नाम समावेश गरिएको छ भने थारु क्लस्टरबाट कुपराम राना को नाम सिफारिस गरिएको छ । दलित क्लस्टरबाट विष्णुमाया वि.क. र निता ध्वानी रहेका छन् । त्यसैगरी मुस्लिम क्लस्टरबाट साजिदा सिद्धिकी को नाम सिफारिस गरिएको छ ।

# एकपक्षीय मुद्दा दर्ता गरिएको गुनासो

टुडे समाचारदाता

रौतहट । रौतहटको फतुवा विजयपुर नगरपालिका-५ सन्तपुर दोस्तियामा गत साता भएको दलित कुटपिट घटनामा प्रहरीले एकपक्षीय रूपमा मुद्दा दर्ता गरेको भन्दै यादव पक्षले गुनासो गरेका छन् ।



सन्तपुरमा पत्रकार सम्मेलनको आयोजना गरि घटनामा आरोपित भनिएका यादव पक्षले प्रहरीले आफ्नो पक्षको जाहेरी नलिई एकपक्षीय रूपमा ८ जनामाथी ज्यान मार्ने उधोग मुद्दा दर्ता गरेको बताएका हुन् ।

उनीहरूका अनुसार फागुन १९ गते होली पर्वको पूर्वसन्ध्यामा स्थानीय मदिरा भट्टीमा बसेर रक्सी खाने क्रममा सामान्य विवाद बढेर झगडामा परिणत भएको थियो। सो क्रममा झगडा रोक्न गएका स्थानीय भुनेश्वर यादवमाथि विर्जा राम चमारका छोराले रडले प्रहार गर्दा उनको टाउको फुटेको उनीहरूको दाबी छ ।

भुनेश्वरको टाउको फुटेर रगत बगेको देखेपछि उनका आफन्त आक्रोशित बनेका थिए। घटनामा संलग्न भनिएका व्यक्तिहरू घरभित्र लुकेपछि आवेशमा आएर थप झडप भएको यादव पक्षका एक सदस्यले स्वीकार गरेका छन् ।

पत्रकार सम्मेलनमा उपस्थित घाइते दलित परिवारकी महिलाका अभिभावकले पनि घटना जानीजानी भएको नभएको र गाउँमै मिलापत्र गर्न आफूहरू तयार रहेको बताएका छन । तर त्यसबीच मुद्दा दर्ता गराइनु उचित नभएको उनीहरूको भनाइ थियो ।

यादव पक्षका सदस्यले रक्सीका कारण सुरु भएको झगडालाई स्थानीय विजय यादव नामका व्यक्तिले दलित समुदायलाई उचालेर मिडियामा ल्याई प्रहरीलाई मुद्दा दर्ता गराउन दबाब दिएको आरोप लगाएका छन ।

मुद्दा दर्ता गर्नुपरे पहिले आफ्नो जाहेरी लिनुपर्ने जिकिर गर्दै उनीहरूले भुनेश्वर यादवको टाउको फुटेर टाँका लागेको भए पनि उल्टै आफ्ना मानिसहरूमाथि मुद्दा दर्ता गरिएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन । साथै आफ्नो जाहेरी पनि दर्ता गरिदिन प्रहरीसँग सञ्चारकर्मीमार्फत आग्रह गरेका छन् ।

घटनापछि आफूले नै प्रहरीलाई खबर गरेको र प्रहरी घटनास्थलमा पुगेर दलित समुदायका विर्जा महरा र उनका छोरालाई नियन्त्रणमा लिएको समेत उनीहरूले बताएका छन । तर सोही राति उनीहरू प्रहरी चौकी पुगेर छुटाइएको दाबी गरिएको छ ।

यादव पक्षका अनुसार उक्त घटना साम्प्रदायिक विवाद नभई युवाहरूबीचको व्यक्तिगत झगडा मात्र थियो । तर घटनालाई बढाइचढाइ गरी सामाजिक सद्भाव बिगार्ने प्रयास भएको उनीहरूको आरोप छ ।

उता इलाका प्रहरी कार्यालय विजयपुर-लक्ष्मिनियाले भने घटनामा संलग्न आठ जनाविरुद्ध ज्यान मार्ने उद्योग मुद्दा दर्ता गरेर अनुसन्धान अघि बढाएको जनाएको छ। प्रहरीले एक जनालाई नियन्त्रणमा लिएको तथा अन्य फरार व्यक्तिहरूको खोजी कार्य जारी रहेको जनाएको छ ।

# सवारी दुर्घटनामा २ को मृत्यु, १६ घाइते

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका विभिन्न जिल्लामा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा दुई जनाको ज्यान गएको छ भने १६ जना घाइते भएका छन् । प्रदेश प्रहरीका अनुसार धनुषा, सर्लाही र पर्सामा शुक्रबार भएका दुर्घटनामा मानवीय क्षति भएको हो ।



धनुषाको जनकपुरधाम उपमहानगरपालिका-७ मा दुईवटा मोटरसाइकल एकआपसमा ठोक्किँदा एक महिलाको मृत्यु भएको छ। भारतीय नम्बर प्लेटको मोटरसाइकल र बागमती प्रदेश नम्बरको मोटरसाइकल ठोक्किँदा महोत्तरीको एकडारा गाउँपालिका-३ की ५५ वर्षीया पवन देवी गम्भीर घाइते भएकी थिइन् ।

उनलाई उपचारका लागि अस्पताल लगिए पनि शनिबार उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा संलग्न भारतीय मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान गरिरहेको छ ।

यसैगरी सर्लाहीको बरहथवा नगरपालिका-१० स्थित सितापुरमा स्कारपियो गाडीले विवाहमा सहभागी जन्तीको समूहमा ठक्कर दिँदा एक जनाको ज्यान गएको छ । बरहथवाबाट सितापुरतर्फ जाँदै गरेको स्कारपियोले भीडमा रहेका जन्तीलाई ठक्कर दिँदा बरहथवा-१० का ५० वर्षीय नारायण जर्गा मगरको मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा ११ जना घाइते भएका छन् ।

गम्भीर घाइतेमध्ये रौतहटको दोस्तिया पिपरिया बस्ने ७० वर्षीय कमल पटेल र गढीमाई नगरपालिका-११ की ४५ वर्षीया बन्धना पटेल रहेका छन्। अन्य घाइतेहरू रुपेश मण्डल, प्रतिमा कुमारी पटेल, दिलिप राय, चन्दन पासवान, दीपिका जैसवाल, रामजी राय, मुकेश राउत, रामनारायण ठाकुर र गुलाब कुमारी मण्डलको उपचार भइरहेको छ ।

उता पर्साको वीरगञ्ज महानगरपालिका-३२ टेढानजीमा दुई मोटरसाइकल ठोक्किँदा पाँच जना घाइते भएका छन्। पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको बागमती प्रदेश नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको मधेश प्रदेश नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किँदा दुर्घटना भएको हो।

दुर्घटनामा शिवजी चौधरी, उनकी पत्नी ऐश्वर्या चौधरी र चार वर्षीय छोरा हर्ष चौधरी घाइते भएका छन् । दम्पतीको टाउको, हात र नाकमा चोट लागेको छ भने बालक हर्षको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । अर्को मोटरसाइकल चालक राजवीर चौधरी र सञ्जय यादव पनि घाइते भएका छन् ।

प्रहरीका अनुसार दुबै मोटरसाइकल चालकले मादक पदार्थ सेवन गरी सवारी चलाएका कारण दुर्घटना भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । घाइते पाँचै जनाको वीरगञ्जस्थित अस्पतालमा उपचार भइरहेको छ।

मधेस प्रदेशको मोटरसाइकल चलाइरहेका राजवीर चौधरी र सञ्जय यादव पनि घाइते भएका छन् । प्रहरीले उनीहरू दुवैले मादक पदार्थ सेवन (मापसे) गरेर मोटरसाइकल चलाइरहेको कारण दुर्घटना भएको हो । घाइते पाँचै जनालाई उपचारका लागि वीरगञ्जस्थित वीरगञ्ज हेल्थ केयर अस्पतालमा भइरहेको छ ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं ।

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतमा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरु मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं ।

विविधतामा एकता, सद्भाव र सहिष्णुता ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८